मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ७० | २०७९ साल माघ ४ गते बुधवार | Wednesday 18, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# पुर्व कृषि मन्त्रीका सल्लाहकार यादव ठगी आरोपमा पक्राउ



मधेशदृष्टि

जनकपुरधाम, ३ माघ । प्रदेश सरकार पुर्व भूमि व्यवस्था तथा कृषि मन्त्री शैलेन्द्र साहका निजी सल्लाहकार ध्रुव यादव पक्राउ परेका छन् ।

जिल्ला बचत तथा ऋण सहकारी संघ धनुषाका अध्यक्ष एवं राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक सदस्य समेत रहेका यादवलाई ठगी मुद्दामा धनुषा प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उनीविरुद्ध कुभोलिया देवी यादवले ऋणको रकम चुक्ता गरिसकेपनि आफ्नो जग्गा फिर्ता नगरेको भन्दै ठगी मुद्दामा उजुरी दिएकी थिइन् । यादवविरुद्ध जिल्ला अदालत धनुषाले पुस २ ९ गते पक्राउ पुर्जी जारी गरेपछि उनलाई पक्राउ गरिएको धनुषा प्रहरीले जनाएको छ । यादवलाई जनकपुर उपमहानगरपालिका-२ बाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी प्रदीपबहादुर क्षेत्रीले जनाएको छ । उनलाई हिरासतमा राखेर अनुसन्धान गर्न अदालतबाट अनुमति लिइसकेको प्रहरीले जनाएको छ ।

अध्यक्ष यादवको पारिवारिक सदस्यको नाममा धनुषाको यदुकोहा र जनकपुरधाम दुई ठाउँमा सञ्चालित सुनवर्षी बचत

- बाँकी पृष्ठ ६ मा

# ५ हजार टनभन्दा बढी युरिया मल बीरगंज भित्रियो



मधेशदृष्टि

बीरगंज, ३ माघ । नेपाल सरकारले भारतसँग जीटूजी प्रक्रियाबाट किनेको युरिया मल अहिले धमाधम मुलुकको प्रमुख नाका बीरगंज हुदै नेपाल भित्रिएको छ ।

वीरगन्जको सीमावर्ती भारतीय शहर रक्सौल रेल्वे स्टेसनमा एक साता यता दुई रेल्वे र्‍याकमा ५ हजार १० टन युरिया मल आइसकेको छ । कृषि सामाग्री कम्पनीका वीरगन्ज प्रादेशिक कार्यालयमा मल गोदाममा राखिएपनि समयमा पाउन नसकेको गुनासो किसानहरुको छ ।

अहिले गहुँ खेतीको लागि युरिया मल आवश्यक रहेकोले सहज रुपमा किसानले मल पाउने गरी कृषि सामाग्री कम्पनीले तत्काल बितरण गनुपर्ने नेपाल किसान संघ पर्साका अध्यक्ष असर्फी साहले बताए । पहिलो र्‍याकको २ हजार ५ सय १० टन युरिया मल कृषि सामाग्री कम्पनी वीरगन्ज प्रादेशिक कार्यालयले आफ्नो गोदाममा भण्डारण गरिसकेको छ । प्रायः सबै जिल्लाबाट युरिया मलको माग आए पनि कार्यालयले मल वितरण गर्न नसकेको जनाईएको छ । वीरगंज स्थित प्रदेशिक कार्यालय मातहत प्रदेश १, मधेस, वाग्मती र गण्डकी प्रदेशको समेत गरी डेढ दर्जन जिल्ला रहेका छन् । अहिले किसानलाई गहुँ बालीमा छर्न युरिया मलको आवश्यकता रहेको छ । मल आइसक्दा पनि किसानको पहुँचमा नपुग्नु दुःखद भएको किसान संघ पर्साका अध्यक्ष साहको भनाई छ । जीटूजीबाट आएको २ हजार ५

- बाँकी पृष्ठ ६ मा

# मधेसका रामचन्द्र मण्डल

## गाउँ कमिटि सचिवदेखि सभामुखसम्म

सुभाष कर्ण

जनकपुरधाम, माघ ३ गते । मधेश प्रदेशको सभामुख पदमा रामचन्द्र मण्डल निर्वाचित भएका छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर १ (ख) बाट प्रदेशसभा सदस्यमा दोश्रो पटक निर्वाचित मण्डल मंगलवार बसेको प्रदेश सभाको बैठकबाट निर्वाचित भएका हुन् । सत्तारुढ गठबन्धनको एमालेबाट उनी सभामुखमा निर्वाचित भएको हो ।

ज्येष्ठ प्रदेश सभा सदस्य गोविन्द बहादुर न्यौपानेको अध्यक्षतामा बसेको प्रदेश सभाको बैठकमा मत विभाजन प्रकृया मार्फत भएको मतदानमा मण्डलको पक्षमा ७४ प्रदेशसभा सदस्यहरुले मत दिएका थिए भने उनको विपक्षमा २९ मत परेको थियो । माओवादी केन्द्र मधेश प्रदेशको संसदीय दलको नेता भरत साहको प्रस्तावमा सभामुख पदमा मण्डलले उम्मेदवारी दिएका थिए ।

मधेश प्रदेशसभाको मंगलबारको प्रदेशसभाको बैठकमा १ सय ३ जना प्रदेशसभा सदस्यहरुको उपस्थिति रहेकोमा उनको पक्षमा ७४ मत परेको हो । मण्डललाई सत्ता गठबन्धन घटक दल नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजावादी र ४ स्वतन्त्र सांसदले पक्षमा मतदान गरेका थिए ।

हुनत नेपाली कांग्रेसबाट सभामुखमा जंगीलाल रायले समेत उम्मेदवारी दिएका थिए । तर मण्डलको पक्षमा बहुमत सदस्यहरुले मत दिएपछि नेपाली कांग्रेसबाट कुमारकान्त झाले गरेको प्रस्ताव निर्णयार्थ पेश गरिएन ।

**विद्यार्थी जीवनमै मिथिलेश्वर मौवाहीको माले गाउँकमिटि सचिवबाट राजनीति प्रारम्भ गरेका मण्डल २०४७ सालमा अनेरास्ववियू जिल्ला सदस्य हुँदै २०५० सालमा धनुषा काठमाडौ मंचका संस्थापक अध्यक्ष बने । सामान्य किसान परिवारमा जन्मेका मण्डल ६ सालसम्म शिक्षण पेशा गर्दै सर्वहाराको मुक्तिका लागि माओवादीको सशस्त्र संघर्ष होमिए । लामो राजनीतिक यात्रा पश्चात उनी दोश्रो पटक प्रदेश सभा सदस्यमा निर्वाचित हुँदा सभामुख बन्न सफल भएका हुन् ।**



धनुषाको मिथिला बिहारी नगरपालिका ३ मिथिलेश्वर मौवाही निवासी रामचन्द्र मण्डल विद्यार्थी जीवनकालमै मालेको गाविस सचिवबाट आफ्नो राजनीति शुरुवात गरेको हुन । वि.सं. २०३०/३/१७ गते सामान्य किसान पिता परमेश्वर मण्डलको परिवारमा जन्मेका रामचन्द्र विद्यार्थीकालदेखि नै कम्युष्टि आन्दोलनमा लागेका हुन् ।

प्राथमिक तहको शिक्षा गाउँकै मिथिलेश्वर मौवाही प्रावि, परशुराम तलाव स्थित जगरनाथ साह, रामपुकार साह निमावीबाट निमावि तह र माध्यमिक तहका शिक्षा फकिरचन्द्र मावि बरकुरवाबाट गरेका मण्डल जनकपुरधाम स्थित रामसागर रामस्वरुप बहुमुखि क्याम्पसबाट स्नातक तथा स्नाकोत्तर तहसम्मको शिक्षा हासिल गरेका हुन । विद्यार्थी जीवनमै २०४६ सालमा मिथिलेश्वर मौवाहीको माले गाउँकमिटि सचिवबाट राजनीति प्रारम्भ गरेका मण्डल २०४७ सालमा अनेरास्ववियू जिल्ला सदस्य हुँदै २०५० सालमा धनुषा काठमाडौ मंचका संस्थापक अध्यक्ष बने ।

विद्यार्थी जीवन सकिएपछि परिवार पाल्न उनी राजनीति संगै २०५३ सालमा माध्यमिक विद्यालय कुर्थाबाट शिक्षण पेशामा लागे । २०५९ सालसम्म करीब ६ वर्षको शिक्षण पेशापछि सर्वहाराको मुक्ति र अधिकारका लागि सशस्त्र संघर्षमा लागेका माओवादीमा आबद्ध भए । माओवादी पार्टीका प्रखर नेताका रहेका मण्डल २०५४ सालदेखि आन्तरिक रुपमा माओवादीमा लागेका थिए ।

अंग्रेजी विषयका दक्ष शिक्षकको चर्चा बटुलेका मण्डल २०५९ सालमा शिक्षण पेशाबाट सन्यास लिई कलम छाडेर बन्दुक बोक्न औपचारिक रुपमै माओवादी सशस्त्र संघर्षमा लागेर भूमिगत भए ।

भूमिगत हुनु अघि उनलाई कयौं पटक सेना र प्रहरीले माओवादी नेताको आरोपमा थुनामा राखे अन्ततः बाध्य भएर गरीब, निमुखा सहितका अधिकारबाट वंचित सर्वहाराको मुक्तका लागि सशस्त्र संघर्षमा होमिए ।

शान्ति प्रक्रियापछि भूमिगतबाट माओवादी सार्वजनिक भएपछि २०६२/०६३ मा माओवादीको जिल्ला सचिव हुँदै २०६४ सालमा उनी पहिलो संविधान सभाको निर्वाचनमा धनुषा क्षेत्र नम्बर २ बाट भाग समेत लिए । तर कांग्रेसका रामकृष्ण यादवसँग ८ सय मतले पराजित हुन पुगे । २०७० सालको दोश्रो संविधान सभा सदस्यको निर्वाचनमा पनि उनी धनुषा क्षेत्र नम्बर २ बाट नै भाग लिए । तर त्यस पटक पनि यादवसँग नै पराजित भए ।

यसअघि अवधिमा उनी माओवादी केन्द्रको मनोनित केन्द्रिय सदस्य तथा धनुषा इन्चार्ज हुदै २०६९ सालमा हेटौडा राष्ट्रिय महाधिवेशनबाट केन्द्रिय सदस्य तथा त्यसको एकवर्षपछि पोलिट ब्यूरो सदस्य समेत बन्न सफल भए ।

भूमिगतबाट बाहिरिएपछि उनी पहिलो पटक २०६४ मा ग्रामीण आवास कम्पनीको जीएम र २०६५ सालमा वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्षमा नियुक्त भएका थिए ।

२०७४ मा धनुषा क्षेत्र नम्बर १ (२) बाट प्रदेश सभा सदस्यमा जितेर उनी पहिलो राजनीतिक सफलता पाए ।

त्यसपछि माओवादीको प्रदेश संसदीय दलको नेतामा समेत चयन भए । माओवादी पार्टी पनि सर्वहारा वर्गको मुक्ति होइन सत्तामा पहुँच बनाउन राजनीति गर्दै आएको आभास भएपछि उनी माओवादी र एमाले एकीकृत भई बनेको नेकपा विभाजन भएको बेलो माओवादी छोडेर एमाले रोज्न बाध्य भए । जसको मूल्य उनलाई संसदीय पद गुमाएर चुकाउनु पऱ्यो ।

सो कार्यकालमा उनी प्रदेश सभाको विषयगत समिति प्राकृतिक श्रोत तथा वातावरण समितिका सभापति समेत बनेका थिए । २०७९ सालमा पुनः दोश्रो कार्यकालका लागि प्रदेश सभा सदस्यमा एमालेबाट धनुषा क्षेत्र नं. १ (२) मा निर्वाचित भए । निर्वाचित भएसंगै उनी प्रदेशका सभामुख बन्न सफल छन् ।



## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

रामगोपालपुर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

## हार्दिक शुभकामना

मधेश प्रदेश सभाको सभामुख जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएका प्रदेश सभा सदस्य रामचन्द्र मण्डललाई बधाई ज्ञापन गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै उहाँको सफल कार्यकालका लागि माता जानकीसँग प्रार्थना गर्दछु ।



बिशेश्वर यादव
नगर प्रमुख
कमला नगरपालिका
धनुषा, मधेश प्रदेश



# हवाई सेवालाई सुरक्षित बनाउन आयोगको आग्रह




काठमाडौँ, ३ माघ
राष्ट्रिय मानवअधिकार आयोगले हवाई दुर्घटनाबाट नागरिकले ज्यान गुमाउनु परिरहेको अवस्थाप्रति संवेदनशील बन्दै हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउन आग्रह गरेको छ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारित मापदण्ड एवं सिफारिसको कार्यान्वयनमा जोड दिन आयोगले सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलका अनुसार घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन र हवाई दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारलाई उपयुक्त राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न/गराउन र सहजरूपमा बीमा रकम उपलब्ध गराउन आयोगले आग्रह गरेको छ।

यही माघ १ गते काठमाडौँबाट पोखराका लागि उडेको यती एयरलाइन्सको चालकदलसहित ७२ जना सवार जहाज कास्कीको पोखरामा दुर्घटना हुँदा ७० जनाको मृत्यु भएको र दुई जनाको अवस्था अझै अज्ञात रहेको घटनाप्रति आयोग गहिरो दुःख व्यक्त गरेको छ। आयोगले यस सङ्कटको घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दै समवेदना प्रकट गरेको छ।

हवाई दुर्घटनाका कारण व्यक्तिको जीवनको अधिकार गुम्न गएका घटनाहरूको आयोगले विभिन्न माध्यमबाट अनुगमन गर्दै आइरहेको छ। मानवीय क्षतिको दृष्टिकोणले उक्त दुर्घटना नेपालको आन्तरिक उडानमा हालसम्मकै सबैभन्दा ठूलो रहेको पाइएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा हवाई उडानलाई नियमन गर्ने व्यवस्था छ।

हवाई नीति, २०६३ ले उडान सुरक्षा एवं हवाई सुरक्षामा सुदृढीकरण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारण गरिएको मापदण्ड तथा सिफारिसको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक कानूनी र संस्थागत व्यवस्था गर्ने उल्लेख गरेको छ।

हवाई दुर्घटनाका सम्बन्धमा विभिन्न छानबिन समितिबाट प्राप्त सिफारिस कार्यान्वनलाई प्राथमिकता नदिएकोतर्फ दुर्घटना बढिरहेको देखिएको छ भने अर्कोतर्फ पुराना विमान खरिद र सञ्चालनमा प्रभावकारी नियमन हुन नसकेको आयोगले जनाएको छ।

# यस्तो बन्यो नयाँ मन्त्रिपरिषद् : अधिकांश नयाँ अनुहार



काठमाडौँ, ३ माघ
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मन्त्रिपरिषद् विस्तार गर्नुभएको छ। गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनु भएका दाहालले आज दोस्रो चरणमा मन्त्रिपरिषद् विस्तार गरेका हुन्।

गत पुस ११ गते पद तथा गोपनियताको शपथ लिँदै आठ सदस्यीय मन्त्रिपरिषद् बनाउनु भएको हो। मंगलवारको विस्तारपछिपनि मन्त्रिपरिषद् अझै पूर्ण बन्न सकेको छैन। वन तथा वातावरण र युवा तथा खेलकूद मन्त्रालयको जिम्मेवारी भने प्रधानमन्त्री आफैले लिनुभएको छ।

प्रधानमन्त्री दाहालको मन्त्रिपरिषद्मा अधिकांश नयाँ अनुहार समेटिएका छन्। राजनीतिमा स्थापित भएपनि अवसर नपाएका नयाँ र युवालाई मन्त्रिपरिषद्मा समेटेर प्रधानमन्त्रीले सकारात्मक सुरुवात गरेका छन।

नेकपा (एमाले), नेकपा( माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमत पार्टीकातर्फबाट सरकारमा सहभागिता रहेको छ। जनता समाजवादी पार्टीबाट पनि मन्त्रिपरिषद्मा सहभागी हुने बताइएपनि अन्तिममा सो दलकातर्फबाट भने सहभागी भएनन्।

गत पुस ११ गते नै उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीमा विष्णु पौडेल, उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्रीमा नारायणकाजी श्रेष्ठ र उपप्रधानमन्त्री एवम् गृहमन्त्रीमा रवी लामिछानेले जिम्मेवारी सम्हालिसको छन। मंगलवारमात्रै उपप्रधानमन्त्री एवम् ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीमा राजेन्द्रप्रसाद लिङ्देनले जिम्मेवारी सम्हालेका छन। नवगठित मन्त्रिपरिषद्मा रेखा शर्मा सञ्चार तथा सूचना प्रविधि, विक्रम पाण्डे शहरी विकास, ज्वालाकुमारी साहले कृषि तथा पशुपंक्षी विकास मन्त्रीको जिम्मेवारी पाएका छन। यस्तै, दामोदर भण्डारी उद्योग वाणिज्य तथा आपूर्ति, राजेन्द्रकुमार राई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, अब्दुल खान खानेपानी, डा विमला राई पौड्याल परराष्ट्र, पदम गिरी स्वास्थ्य तथा जनसंख्या, भगवती चौधरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक, हरिप्रसाद उप्रेती रक्षा, सुदन किराती संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, अमनलाल मोदी सङ्घीय मामिला तथा सामान्य प्रशासन, शिशिर खनाल शिक्षा, विज्ञान तथा प्रविधि, डोलप्रसाद अर्यालले श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको जिम्मेवारी पाएका छन। यस्तै, धुब्रबहादुर प्रधानले कानून, न्याय तथा संसदीय मामिलामन्त्रीको जिम्मेवारी सम्हाल्दा सुशीला सिर्पाली ठकुरीले संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री, डा तोसिमा कार्की स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री र दिपबहादुर सिंहले ऊर्जा, जलस्रोत तथा सिँचाँइ राज्यमन्त्रीको जिम्मेवारी पाएका छन।




# अभिनेता शाहलाई अदालतबाट सफाइ



दमौली, ३ माघ
नाबालिगमाथि जबर्जस्ती करणीको अभियोगमा तनहुँ कारागारमा थुनामा रहेका अभिनेता पूर्णविक्रम शाह (पल शाह)लाई तनहुँ जिल्ला अदालतले सफाइ दिएको छ।

जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यको एकल इजलासले अभियोग दाबी नपुग्ने ठहर गर्दै अभिनेता शाहलाई सफाइ दिएको हो। शाहविरुद्धको सुनुवाइमा अदालतले अभियोग दाबी नपुग्ने फैसला सुनाएको तनहुँ जिल्ला अदालतका श्रेस्तेदार मीनबहादुर कुँवरले जानकारी दिए।


तनहुँ जिल्ला अदालतमा दर्ता भएको शाहविरुद्धको मुद्दामा अदालतले सफाइ दिने फैसला सुनाएको छ, उनले भने ,फैसलाउपर चित्त नबुझे पीडित पक्षलाई पुनरावेदन जाने छुट छ।

अभिनेता शाहविरुद्धको मुद्दाको पेशी तनहुँ जिल्ला अदालतमा पटकपटक तोकिएर स्थगित हुँदै आएको थियो। उक्त मुद्दाको अन्तिम सुनुवाइमा मंगलवार वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले, परशुराम गिरी, कृष्णबहादुर थापा र अधिवक्ता भानुभक्त सुवेदीले बहस गरेका थिए।

तनहुँ जिल्ला अदालतले अभिनेता शाहलाई सफाइ दिए पनि उनी कारागारमै रहने छन्। सोही प्रकृतिको मुद्दा नवलपुर जिल्ला अदालतमा दर्ता भएकामा नवलपुर जिल्ला अदालतले शाहविरुद्ध गत भदौ २१ गते दुई वर्ष छ महिना कैद र रु २५ हजार जरिवानाको फैसला सुनाएको थियो। साथै पीडितलाई रु दश लाख क्षतिपूर्ति दिनुपर्ने फैसला भएको थियो। शाहले उक्त फैसलाउपर गत कात्तिक २५ गते उच्च अदालतमा पुनरावेदन निवेदन दिएका थिए। नाबालिगमाथि जबर्जस्ती करणी गरेको भन्दै शाहविरुद्ध गत वर्ष फागुन ११ गते तनहुँ प्रहरीमा उजुरी परेको थियो। शाहले फागुन १५ गते प्रहरी कार्यालयमा आत्मसमर्पण गरेका थिए।

उनलाई चैत १० गते तनहुँ जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो।

# पोखराबाट ४८ शव काठमाडौँ ल्याइयो, बुधवारदेखि शव परीक्षण सुरु गरिने



काठमाडौँ, ३ माघ
यही माघ १ गते आइतबार काठमाडौँबाट पोखरातर्फ उडेको यती एयरलाइन्सको नाइन एन-एएनसी-एटिआर-७२-५०० विमान दुर्घटनामा परेर मृत्यु भएकामध्ये ४८ जनाको शव काठमाडौँ ल्याइएको छ।

यती एयरलाइन्सले आज एक विज्ञप्ति जारी गरी पोखराको सेती नदीको खोँचमा दुर्घटनाग्रस्त भएर निधन भएकामध्ये ४८ जनाको शव आज काठमाडौँ ल्याइएको बताएको हो। शव आज दिउँसो नेपाली सेनाको दुईवटा हेलिकप्टरमार्फत काठमाडौँ ल्याइएको हो।

मृतक ४८ जनाको शव मंगलवार काठमाडौँ ल्याइए पनि शवको परीक्षण भने भोलि बिहानदेखि सुरु गरिने भएको छ। शवलाई अहिले त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जको शवगृहमा राखिएको छ। मृतकका परिवार र आफन्तजनलाई 'काउन्सिलिङ' गर्ने काम मंगलवार भएकाले परीक्षण सुरु गर्न नसकिएको त्रिवि शिक्षण अस्पतालले जनाएको छ। मृतकमध्ये कतिपय व्यक्तिको शव पहिचानसमेत हुन नसकेकाले डिएनएका आधारमा शव पहिचान गरेर परीक्षणपश्चात् एकैपटक मृतकका परिवार तथा आफन्तलाई शव हस्तान्तरण गरिने बताइएको छ।

चालकदलका सदस्यसहित जम्मा ७२ जना सवार उक्त विमान दुर्घटनामा ७१ जनाको मृत्यु भइसकेको छ भने बाँकी एक व्यक्तिको खोजीकार्य जारी रहेको यती एयरलाइन्सले जनाएको छ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। परिवारमा सुख सन्तोष छाउला। नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला। प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। परिश्रम गर्दा धनार्जन हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ। शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ। ठुलो कारोबारमा लगानी नगर्नु। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ। स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

# रामानन्दको अध्यक्षमा शशिभुषण झा (आशुतोष) प्यानलसहित निर्वाचित

मधेशदृष्टि
जनकपुरधाम, ३ माघ ।
जनकपुरधामको प्रतिष्ठित रामानन्द युवा क्लबको नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा शशिभुषण झा (आशुतोष) प्यानलसहित निर्वाचित भएका छन् ।
सोमवार अवेरराति सम्पन्न मतगणनामा झाले आफ्ना निकटतम प्रतिद्वन्द्वी भरत सिंहलाई ५० मतान्तरले पराजित गर्दै विजयी हासिल गरेका हुन् ।
शशिभुषण १२२ मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी सिंहले ७२ मत पाएका छन् ।
त्यस्तै, उपाध्यक्षमा संतोष मान सिंह म्यान अफ द ईलेक्सन हुँदै १२८ मत प्राप्त गरेका छन् । उनका निकटतम प्रतिद्वन्द्वी राजेश दास (काले) ले मात्र ६१ मत पाए ।



महासचिवमा सोहि प्यानलका रोशन मिश्र (९६), सचिवमा मिथिलेश झा (१०८) र कोषाध्यक्षमा शम्भु पोखरेल (११०) मत ल्याएर विजयी भएका छन् । उनीहरुको प्रतिद्वन्द्वीहरु क्रमशः सन्तोष ठाकुरले (९१), राम बिशेश्वर साहले (८३) र जितेन्द्र साहले (८२) मत पाएका छन् ।
सदस्यहरुमा राजकुमार मिश्र (१२२), सन्तोष मुखिया (११२), उदय शंकर साह(११५), रुपेश रोशन सिंह (११०), चिरंजीवी प्रसाद सिंह (१०७) र राजिव झा (८५) मतसहित विजयी भएका छन् ।

# करार कर्मचारीहरुलाई हटाइएपछि विवाद

विनय कर्ण ।
सप्तरी, ३ माघ । सप्तरीको भारदह अस्पतालका करार कर्मचारीहरुलाई हटाएपछि विवाद शुरु भएको छ ।
अस्पताल प्रशासनले माघ १ गते देखि ९ जना करार कर्मचारीको म्याद नथप्ने निर्णय गरेपछि उनीहरुले विवाद सृजना गरेको हो ।
२०७४ साल देखि नियमित कामकाज गर्दै आएकोमा एकाएक विना कुनै जानकारी आफूहरुलाई हटाएको हेमराज मंडलले बताए । उनले एकै साथ २४ जना कर्मचारी करारमा भर्ना भएको मध्ये षडयन्त्रपूर्वक ९ जनालाई हटाएको आरोप लगाए । हेमराज मंडल, महेश साह, पप्पु कुमार झा, दिपेन्द्र कुमार खंग, विरेन्द्र मंडल, मोहन राम, संजय गोठिया र शिवशंकर राउतलाई हटाईएको छ ।
हटाईएका कर्मचारीहरुले मंगलबार जिल्ला प्रशासन कार्यालय सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका, जिल्ला प्रहरी कार्यालय सप्तरी, मुख्यमन्त्री कार्याल र सामाजिक विकास मन्त्रालय मधेश प्रदेशलाई यसबारे जानकारी गराएको छ ।
"२०७९ पुष ३० गते भारदह अस्पतालबाट प्रकाशित सूचना अनुसार हामी ९ जना करार सेवामा कर्मचारीहरुको म्याद थप नहुने व्यहोरा थाहा पाएर हामी साह्रै मर्माहत भयौं । एक साथ एकै विज्ञापनबाट भर्ना भएका भएका २४ जना कर्मचारीहरु मध्ये ९ जनालाई के कति कारणले म्याद थप नगरेको ? त्यसको स्पष्ट कारण समेत थाहा नदिई अस्पतालको नियमित काम काजमा समेत बाधा पर्ने गरी पुर्ण रुपमा राजनैतिक पूर्वाग्राहीले हामीहरुलाई निष्काशन गरिएको स्पष्ट देखिन्छ" जानकारी पत्रमा भनिएको छ, "तीन दिन भित्र म्याद थप नभए हामी कडा संघर्षमा उत्रिने छौं ।"
यता अस्पतालका निमित्त मेडिकल सुपरिडेण्टेन्ट शैलेन्द्र यादवले उनीहरुलाई भारदह अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार हटाईएको जानकारी दिए ।

# जनकपुरधाममा तीन दिने दूधमती महोत्सव सुरु



मिश्रीलाल मधुकर
जनकपुरधाम,३ माघ । जनकपुरधामको पवित्र दुधमती नदीको किनारमा रहेको बैदेही रसिक प्रिया कुञ्जमा तीनदिने दूधमती महोत्सवको आयोजना गरिएको छ ।
दूधमती महोत्सवमा राम सीताको मटकोर, विवाह महोत्सव, दूधमती आरतीको आयोजना गरिएको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवको नेतृत्वमा आयोजना भएको दूधमती महोत्सवमा चञ्चलादेवी निकुञ्ज मञ्जरी, दम्पती प्रियाशरण मिथिला सहचारीले गायन प्रस्तुत गर्ने बताइएको छ ।
दुधमती पर्वमा जनकपुरधाम, अयोध्या र वृन्दावनका अलावा केवल व्यास कथा वाचक हरि शरण उपाध्यायलगायत ऋषि-मुनिहरुको सहभागिता रहेको छ । कार्यक्रममा बृहतर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साह लगायतका व्यक्तिहरुको उपस्थिती रहेको थियो ।


# खेसारीलालको कार्यक्रममा झडप, ५ घाइते

मधेशदृष्टि
सुनसरी, ३ माघ । भोजपुरी कलाकार खेसारीलाल यादव सहभागी सुनसरीको एक कार्यक्रममा झडप हुँदा पाँच जना घाइते भएका छन् ।
मंगलबार सुनसरीको बर्जु गाउँपालिका- ६ मा आयोजित बर्जु महोत्सवमा भारतीय भोजपुरी कलाकार खेसारीलाल यादव सहभागी कार्यक्रममा झडप भएको हो । झडपमा दुई जना दर्शक र तीन जना प्रहरी सामान्य घाइते भएका हुन् । प्रहरीले कार्यक्रम स्थलमा ढुंगामुडा गर्ने लाइट पनि तोडफोड गरेको थियो । यो पटकको महोत्सवमा पनि यादवलाई बोलाइएको थियो । यादव सहभागी हुने कार्यक्रमको टिकट शुल्कको विषयमा विवाद हुँदा सामान्य झडप भएको हो ।सुनसरीका प्रहरी उपरीक्षक प्रभु ढकालले महोत्सवमा टिकटको विषयमा सामान्य विवाद भएको बताए ।
टिकटको विषयमा विवाद गर्न खोजेपछि एक जनालाई नियन्त्रणमा लिएको उनले बताए ।भिडलाई नियन्त्रणमा लिने क्रममा तीन जना प्रहरी र



एक जनालाई पक्राउ गरेको छ ।
गत वर्ष माघ ४ गते मंगलबार बर्जु महोत्सव यादव सहभागी हुने कार्यक्रममा पनि झडप भएको थियो ।
यादवलाई स्थानीय प्रशासनले कार्यक्रमस्थलमा जान नदिएपछि आक्रोशित भिडले यादवको टिमले प्रयोग गर्ने भारतीय नम्बर प्लेटका चारवटा स्करपियो गाडी जलाएको थियो ।
स्टेज तोडफोड गरेको समूहले साउन्ड सिस्टम र कार्यक्रमस्थलमा प्रयोग गरिएको कार्यक्रमस्थल पुगेका २ जना सामान्य घाइते भएको उनले बताए ।
यादव सहभागी कार्यक्रममा २५ हजार भन्दा बढी दर्शक पुगेका थिए । 'कार्यक्रममा २५-२६ हजार दर्शक सहभागी थिए,' ढकालले भने, 'कार्यक्रम सकेर कलाकारलाई गन्तब्यमा पठाएर हामी फर्कियौं ।'
गत वर्ष पनि झडप भएका कारण कार्यक्रमको सुरक्षाका लागि यसपालि प्रहरीले सतर्कता अपनाएको थियो ।

# घुस सहित इन्जिनियर पक्राउ



विनय कर्ण
सप्तरी, ३ माघ । अख्तियारले दूरुपयोग अनुसन्धानले घुस लिएको आरोपमा सप्तरी बाट एक ईन्जिनियर लाई रकम सहित पक्राउ गरेको छ । शम्भुनाथ नगरपालिका कार्यालय कठौनामा कार्यरत ईन्जिनियर रामचन्द्र साहलाई १ लाख ४० हजार रकम सहित मंगलवार अख्तियार दुरुपयोग अनुसंधान आयोग इटहरीले पक्राउ गरेको हो ।
नगरपालिकामा योजना फाँटका प्रमुख रहेका ईन्जिनियर साहको कार्यकक्षमा पुगेर अख्तियारको टोलीले छापामारी गर्दा उनको दराज भित्र रहेको १ लाख ४० हजार रकम भेटिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले जानकारी दिए । साहलाई थप अनुसंन्धान गर्न अख्तियार दुरुपयोग अनुसंधान आयोग इटहरी लगिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

# दुर्गा भगवतीमा पहिलो पटक क्रिकेट टुर्नामेन्टको आयोजना



विकास अग्रवाल
रौतहट, ३ माघ । रौतहटको दुर्गा भगवती गाउँ पालिकामा मंगलवार देखि जिल्ला स्तरीय टि २० क्रिकेट नक आउट प्रतियोगिता सुरु भएको छ ।
सरस्वती उच्च माध्यमिक विद्यालयको खेल मैदानमा सुरु भएको उक्त प्रतियोगिताको नेकपा माओवादीका प्रदेश सांसद युवराज भट्टराई (समिर)ले बैटिङ्ग गर्दे सो प्रतियोगिता सुरु भएको हो ।
दुर्गा भगवती गाउँ पालिका अध्यक्ष शम्भु सिंहको अध्यक्षतामा सुरु भएको क्रिकेट प्रतियोगिताको उदघाटन सत्रमा स्वागत गर्दे वडा अध्यक्ष डिके झाले विगत ५ वर्षमा नभएको कार्य हामीले सानो अवधीमा पुरा गरेर खेलाडीहरुको अनुहारमा मुस्कान ल्याउन सफल भएको बताए । क्रिकेट जगतमा यस गाउँ पालिकाबाट लोप हुँदै गएकोमा खेलाडीहरुको मनोबल उच्च राख्न हामी सदैव तयार रहेको उनको भनाई थियो ।
कार्यक्रममा गाउँपालिका अध्यक्ष सिंहले युवाहरुलाई नभई नहुने खेल जगतको समुचित विकासका लागि आफु हरदम तयारी अवस्थामा रहेको जिकिर गर्दे निकट भविष्यमा प्रदेश स्तरीय क्रिकेट टुर्नामेन्टबाट गाउँको नाम चिनाउने दाबी गरे ।
सो कार्यक्रममा दुर्गा भगवती गाउँपालिकाका उपाध्यक्ष शिला देवी, वडाअध्यक्षहरु प्रद्युमन चौधरी, सुरेश चौधरी, धर्मनाथ चौधरी, हेमनाथ झा, लयायतका स्थानीयहरुको उपस्थिती रहेको थियो ।

# कांग्रेस र एमालेबीच चर्काचर्की
## जसपा र लोसपाद्वारा बैठक बहिष्कार

मधेशदृष्टि
काठमाडौ, ३ माघ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आह्वान गरेको सर्वदलीय बैठकमा नेकपा एमाले र नेपाली कांग्रेसबीच चर्काचर्की भएको छ ।
विश्वासको मत दिने दलहरुको बैठकको सुरुमा प्रधानमन्त्री प्रचण्डले आफू सबैलाई मिलाएर जाने सोचमा रहेको बताए । उनले भने हामी बढो गाह्रो परिस्थितिमा छौं । चुनावताको गठबन्धन काम हुन सकेन । २०७४ को एउटा राजनीति परिस्थिति थियो भने ०७९मा अर्कै परिस्थिति छ, । सबै मिलेर जाँदा राम्रो हुन्छ भन्ने मेरो बुझाइ छ ।'
त्यसपछि कांग्रेस नेता रामचन्द्र पौडेलले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखको निर्वाचनमा मिलेर जानुपर्ने धारणा राखे । उनले भने, 'राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख तटस्थ पद हो । यसमा सत्ता र प्रतिपक्षी सबै मिलेर जानुपर्छ । संविधान र अर्थतन्त्र जोगाउन सबै मिलेर जानुको विकल्प छैन ।'
पौडेललाई विचैमा रोकेर एमाले अध्यक्ष केपी शर्मा ओली प्रतिवादमा उत्रिए । उनले भने, 'राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख पुस १० गते नै टुंगिसकेको छ । राष्ट्रपति र सभामुख एमालेले लिनेछ । उपराष्ट्रपति माओवादी र उपसभामुख राष्ट्रिय स्वतन्त्र पार्टीले लिने सहमति भएको छ । यसमा चर्चा गर्नु बेकार छ ।'
ओलीले कांग्रेसले गर्न खोजेको संसदीय अभ्यासमाथि पनि प्रश्न उठाए । 'यो कस्तो अभ्यास गर्न खोजेको हो ? संसदमा प्रतिपक्ष नै छैन । प्रमुख प्रतिपक्षले सरकारलाई विश्वासको मत दिसकेको छ । कांग्रेस त प्रतिपक्षी दल नै होइन,' ओलीले भने ।
ओलीको अभिव्यक्तिलाई कांग्रेस संसदीय दलका मुख्य सचेतक रेमश लेखकले खण्डन गरे । 'राष्ट्रपतिलाई बुझाएको पत्रमा हाम्रो हस्ताक्षर छैन । त्यसैले हामी प्रतिपक्ष नै हौँ । हामीले खेलिरहेका छैनौँ बरु राष्ट्रिय सहमतिको पक्षमा छौँ । संविधान बचाउन र मुलुकको आवश्यकता अनुसार विश्वासको मत दिएका हौँ,' ओलीलाई लेखकले जवाफ दिए ।
'हामीले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस रहेको र कांग्रेस सभापति शेरबहादुर देउवा प्रमुख प्रतिपक्षी दलको नेता रहेको कुरा राख्यौं' लेखकले भने । त्यसपछि ओली बैठकबाट बाहिरिए । तर एमाले वरिष्ठ नेता ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल भने बैठकमै सहभागी थिए । त्यसपछि एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले बैठकमा जसपा नेपालको खोजी गरेका थिए ।
बैठकमा नेपालले भने, 'तपाईंहरुको हालत यही देखिसकेको छ । सरकारलाई समर्थन गरेका उपेन्द्रजी हुनुहुन्न, उहाँ किन आउनु भएको होइन ?' जवाफमा प्रचण्डले आफूहरुले जसपालाई मधेस मुख्यमन्त्री, अन्य प्रदेशमा मन्त्री र संघमा दुई मन्त्री दिँदा पनि असन्तुष्ट भएको बताए ।
प्रधानमन्त्रीलाई विश्वासको मत दिएको लोसपा र जसपाले सर्वदलीय बैठक बहिस्कार गरेका थिए । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष तथा गृहमन्त्री रवि लामिछानेले कांग्रेसलाई प्रतिपक्षी भूमिका बस्न सुझाएका थिए ।
उनले भने, 'मुलुकको लोकतान्त्रिक आन्दोलनमा कांग्रेसका योगदानका हामी सम्मान गर्छौं । कांग्रेसबाट रचनात्मक प्रतिपक्षी भूमिकाको अपेक्षा गर्छौं ।' राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखबारे सत्ता साझेदार दलबीच हुने सहमति अनुसार रास्वपा अगाडि बढ्ने लामिछानेले भने ।
जनमत पार्टीका प्रवक्ता तथा खानेपानीमन्त्री अब्दुल खानले सत्ता गठबन्धनमा भएको सहमति पालना नभएकोप्रति असन्तुष्टि पोखेका छन् । 'गठबन्धनमा हामीले आफूलाई मागेको मन्त्रालय दिइएन । हामीले उद्योग मन्त्रालय मागेका थियौं । तर, भागबन्डामा खानेपानी दिइयो,' उनले भने, 'त्यसैले हामी शपथमा सहभागी भएनौं । त्यस विषयमा पुनर्विचार गर्नुपर्छ ।'
बैठकमा प्रधानमन्त्री प्रचण्ड, नेपाली कांग्रेसबाट सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, रामचन्द्र पौडेल, रमेश लेखक, नेकपा एमालेबाट अध्यक्ष केपी शर्मा ओली, ईश्वर पोखरेल र शंकर पोखरेल, एकीकृत समाजवादीबाट माधव नेपाल, नेपाल समाजवादी पार्टीका बाबुराम भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सभापति रबि लामिछाने, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीबाट अब्दुल खान, स्वतन्त्र सांसद अमरेशकुमार सिंह लगायत उपस्थिति रहेको थियो ।




सम्पादकीय

# आरक्षको आरक्षण आवश्यक

कोशीटप्पु वन्यजन्तु आरक्षको संरक्षण, सम्वर्धन उचित व्यवस्थापन हुन नसकेपछि यसको आकर्षण घट्न थालेको छ । विश्वकै दुर्लभ मानिने चराहरु एवं जीव जनावर हरुको वासस्थान उज्रिदै गएको छ। आरक्ष उजाडिने क्रम बढ्दै गएपछि लोपोन्मुख अर्ना यस बाहेक दुर्लभ हरीण, चित्तल, बँदेल, लगुना, रतुवा, चितुवा, गोगी, खरायो र विश्वकै लोप हुनलागेका मध्ये २१ प्रजातिका चराहरु मयुर, राजगिद्ध, गिद्ध, चमेरा राजहाँस, पानीहाँस चखेवा, चिल लगायतका पंक्षीहरु लोप हुदैं गएका छन् ।

वर्षेनी साइवेरिया, बंगलादेश, भुटान, भारत, श्रीलंका लगायत देशहरुबाट आउने गरेका फिरंते चराहरु पनि हिजोआज आउन छाडेका छन् । यस्तै चार सय ८५ प्रजातिका माछा, छ प्रजातिका सरीसृप, भ्यागुता, विभिन्न रंग र जातका पुतली, छेपारो, अजिंगरहरु पातलिदै गएको सरोकारवालाहरुको अडकल छ ।

सप्तरीको पूर्वी, सुनसरीको पश्चिमी र उदयपुर जिल्लाको दक्षिणी भेगमा सप्तकोशीको वारीपारी अवस्थित आरक्षको क्षेत्रफल एकसय ७५ वर्गकिलोमिटर रहेको छ भने एकसय ७३ वर्गकिलोमिटर मध्यवर्ती क्षेत्र पर्दछ । आरक्ष भित्र नदिको वहावबाट विकसित सिमसार क्षेत्र पनि छ ।

घाँस, पटेर, खरी, निगुरो, औषधिजन्य वोटविरुवा तथा अन्य वोटविरुवाहरु प्रसस्त रहेको समतल मैदान भएको् यस आरक्षको विशेषता हो ।

वि.सं २०३२ सालमा स्थापना भएको आरक्षलाई रामसारको नामले पनि बुझ्ने गरिन्छ । रामसार महासंधि अनुसार एउटा सिमसार क्षेत्रलाई रामसार घोषणा गर्नुपर्ने हुँदा वि.सं.२०४३ को संधि अनुरुप नेपालकै यो पहिलो रामसार हो तर यतिबेला यो संरक्षण र सम्वर्धन विहिन अवस्थामा पुगेको सरोकारवालाहरु बताउँछन् ।

पूर्वी नेपालको एकमात्र अर्ना संरक्षणको रुपमा मानिने यो आरक्षमा बाह्य र आन्तरिक दुबै मिलाएर दिनहुँ पाँचसय भन्दा बढी पर्यटकहरु आउँदथे । तर आजकल आरक्षको सौन्दर्यता घटेर जानथालेपछि पर्यापर्यटन पनि घटेर गएको स्थानीय बताउँछन् ।

पर्यटन व्यावसायलाई मध्यनजर गरेर कञ्चनरुप ६ स्थित जमुवामा राम्रो प्रवन्ध सहितको आठवटा होमस्टे तथा वसोवासको व्यवस्था मिलाइए पनि कुनै पर्यटन आइ नपुगेको संचालक समितिको गुनासो छ । व्यावसायिहरु भन्छन् सप्तकोशी नदीसंगै आरक्षको दृश्यावलोकन गरेर जान इच्छुक पर्यटनहरुले आरक्ष पनि घुम्ने गर्दथे, तर आजकल पर्यटकको बाक्लो आवातजावत घटेको छ ।

अहिले आरक्ष र स्थानीयबीच एक किसिमको द्वन्द बढेको छ । आरक्षका जङ्गली जनावरले बालीनाली नास गर्ने क्रम बढेको छ ।

हात्तीहरु गाउँघरमा पसेर बालिनानी नष्ट गर्ने, खाद्यान्न खाने, नास गर्ने र स्थानीयमा आक्रमण गरेर वर्षेनी मानवीय क्षती पनि हुने गरेको छ । अरक्षका वार्डेन रमेश कुमार यादव स्थानिय जनता तथा उपभोक्ताले नै आरक्षमा क्षत विक्षत पुर्याउँदै आएको बताउँछन् । यादवका अनुसार राज्यले लगाएको तारवार एवं घेरावेरा तोडफोड गरेर रातारात भौतिक सामानहरु चोरेर लैजान्छन् यादवले भने स्थानियहरुले संरक्षण गर्नुपर्ने ठाउँमा उल्टै उजाड गर्ने तिर लाग्छन् ।

चरीचरण आरक्ष विनासको मुख्य समस्या देखिएको छ । सप्तरी, सुनसरी, उदयपुर र भारतीय समेत ठूलो संख्याका गाईबस्तु आरक्षमा छोड्ने चलन छ । अआरक्ष भित्र चरीचरण बढेर गएपछि आरक्षको जनावर आहार खोज्न नम्वरी आवादी हुदै गाउँवस्तीसम्म आउने गरेको यादव वताउँछन् । चरीचरण बाहेक माछा मार्ने, खरी, पटेर झिक्ने, शिकार गर्ने, वोटविरुवा चोरी गर्ने जस्ता अवैध कार्यमा स्थानीयको बढ्दो संलग्नता प्रमुख चुनौती हो ।

आरक्षण नीतिगत अन्यौंलमा छ । आरक्षमा भएका जीवजन्तुका लागि आरक्षको क्षेत्र सानो भएको भन्दै श्रीलंका टापु भनिने क्षेत्र आरक्षमा गाभ्नुपर्ने माग सम्बोधन भएको छैन । आरक्ष आफैमा साँगुरो भएको छ, त्यसमाथी स्थानीयका हजारौं संख्यामा गाईबस्तु आरक्षमा छोड्ने गरेकाले समस्या विकराल बनेको हो ।

आरक्षको क्षेत्र विस्तार गर्ने र स्थानीयका गाइबस्तु हटाएर मानवीय हस्तक्षेप नियन्त्रण हुनसक्यो भने आरक्षण प्राकृत अवस्थामा फर्कनसक्छ र आकर्षण बढ्छ । होइन, अहिलेकै प्रवृतिले निरन्तरता पाउँने हो भने आरक्षका जीवजन्तु मासिने, भाग्ने वा विस्थापित भई अन्यत्र स्थानमा वसोवास गर्ने हुनसक्छ । आरक्षको संरक्षणका लागि क्षेत्र विस्तार गर्ने लगायतका कार्यक्रम लागु हुनुपर्दछ । त्यसका लागि जिम्मेवार माथ्लो तहबाटै अग्रसरता आवश्यक हुन्छ ।

# विद्युत-जन्य फोहोर : समस्या, समाधान र चुनौती

*नेपालमा हालसम्म ई-वेष्ट व्यवस्थापन सम्बन्धी छुट्टै नियम-कानुन बनी नसकेको भए पनि सन् २०११ मा सम्पूर्ण ठोस फोहर पदार्थहरूलाई व्यवस्थापन गर्ने ऐन बनाइएको थियो । जसको सही र कडाईका साथ कार्यान्वयन हुन नसक्दा समस्या जस्ताको त्यस्तै रहेको छ ।*



– डा. ज्योती गिरि

विश्वका सबै मुलुकहरु अहिले बिकसित हुने दौडमा धेरै नयाँ प्रबिधीका विधुत्तिय उपकारणहरुको (ई-उपकारण) नयाँ प्रबिधी सँग-सँगै अत्याधिक प्रयोग गर्दै आइरहेका छन् । बढ्दो विद्युतिय उपकरणको प्रयोगले अर्थ क्षेत्र मात्र प्रभाबित भएको होईन वातावरण पनि निकै प्रदूषित भैरहेको कुरा बिभिन्न सञ्चार र सोध कार्यहरुले भन्दै आइरहेका छन् । भन्नै पर्दा जुन बस्तु पनि त्यस्को अन्तिम प्रयोग पश्चात अथवा प्रयोग हिन भए पछी फ्याँकिने फोहोरको रुपमा चिनिने गर्छन् ।

जति धेरै मात्रामा बस्तुहरुको प्रयोग हुन्छ त्यति नै अनुपातमा फोहोरहरुको पनि उत्पादन हुन्छ । बिशेष गरी विद्युतिय फोहोरको कुरा गर्दा, यिनीहरु सजिलै नास गर्न नसकिने, जटिल फोहोर हुन् जसको व्यवस्थापनको कुरा गर्दा सम्पूर्ण विश्वका बैज्ञानिकरुनै ससन्कित हुन्छन् । यस्ता फोहोरहरुको व्यवस्थापनमा धेरै ठूला र धनी देशहरु पनि पूर्णरुपले ढुक्क छैनन् । त्यस्कै परिणाम स्वरुप अहिले

अफ्रिकन देशहरु घाना, तान्जानिया, केन्या, सुडान, आदि जहाँ यी विद्युतिय फोहोरको थुप्रोले पहाड बनी सकेको छ भने नेपाल जस्तो भु-परिवेष्ठित बिकासोन्मुख देश त्यस्मा पनि Basel Convention मा हस्ताक्षर गरेको मुलुकको अवस्था कती दयनिय होला ?

मुलुका भित्र यस सम्बन्धी आफ्नै निती नियम नभएको यो परिस्थितिमा हामी हर-एक ब्यक्ती आफै जागरुक भएर यस सम्बन्धी फोहोर व्यवस्थापनका अहिलेको सात नियमहरु अपनाएर सचेत र जिम्मेवार नागरिकको दायित्व पुरा गर्नपर्दछ ।

सात नियमहरु

Refuse, Rethink, Reduce, Reuse, Recycle, Redesign and Repurpose हुन् ।

विद्युतिय उपकारणहरुको प्रयोगमा यी सात नियमहरु सतर्कताका साथ अबलम्बन गर्दा यिनीहरुबाट जन्मिने समस्याहरुमा निकै कमी आउने कुरामा कसैको पनि दुईमत हुँदैन । यी विद्युतिय फोहोरहरूलाई बोलिचालीको भाषामा विश्व भर ई-वेष्ट (भ(धबकतभ) पनि भन्ने गरिन्छ । ई-वेष्टहरूमा विशेषतः २ थरिका वस्तुहरू हुन्छन्, एक प्लाष्टिकजन्य

पदार्थहरू र अर्को धातुहरू । प्लाष्टिकजन्य पदार्थहरूमा पोलिथिन (PE), पोलिप्रोपिलिन (PP), पोलिइस्टाइरिन (PS), पोलियुरेथान (PU), पोलिमिथाइल मिथाइल एक्रिलेट (PMMA) र पोलिभिनाइल क्लोराइड (PVC) आदि जस्ता पदार्थहरू हुन् । यी बाहेक केहि प्लाष्टिकको गुण बढा(उन सिलिका ($SiO_2$), क्याल्सियम अक्साइड (CaO), म्याग्नेसियम

अक्साइड (MgO), कार्वन ब्ल्याक (C), ग्राफाइट तथा एलुमिना ($Al_2O_3$) जस्ता अन्य वस्तुहरू पनि मिसाइने गरिन्छ । यी बस्तुहरूबाट ई-उपकरणहरूको बाहिरी बनावटहरू तयार गरिन्छन् । त्यस्तै केही मूल्यवान धातुहरू जस्तै सुन (Au), चाँदी (Ag), प्लाटिनम (Pt), kfnfl8od (Pd) तथा केही अरू साधारण धातुहरू जस्तै निकल (Ni), टिन (Sn), लिड (Pb), क्रोमियम

(Cr) तथा फलाम(Fe) स्टिलहरू ई-उपकरणहरूमा विशेष गुणको प्रत्यायोजनका लागि प्रयोग र केही विधुत प्रवाह तथा केहि सर्किट जोड्ने सोल्डीरिङ्गका लागि प्रयोग हुन्छन् । यस्ता उपकरणह(रूमा आगो प्रतिरोधक रसायनहरू पनि मिसिएको हुन्छन्, जस्तै

पोलिक्लोरिनेटेड बाइफिनाइल (PCB) तथा पोलिक्लोरिनेटेड टरफिनाइल (एऋत) । यी रसायनह(रूले स्वास्थ्य र वातावरणका लागि प्रतिकद्रल असर पार्ने गर्दछन् । ई-वेष्टमा हद्रने यि पदार्थह(रूलाई विशेष प्रक्रियाबाट जीवन र वातावरणलाई हानी नहुने गरी व्यवस्थापन गर्नं आवश्यक हुन्छ ।

विद्युतजन्य फोहोरले जन्माएको स्वास्थ्य समस्याहरू

सही व्यवस्थापन विधीको अभावमा ई-वेष्ट मा भएका विभिन्न प्लास्टिक जन्य पदार्थहरु तथा पानी, माटो र हावामा बाँकी रहने माइक्रो प्लाष्टिकहरू, घुलनशिल तथा अघुलनशील जीवन घातक धातुहरू, रसायनहरू तथा हानिकारक ग्याँसहरू जस्तै डाइअक्जान ( Dioxine), फ्यूरान(Furan), पोलि(क्लोरिनेटेड वाइफिनाइल (PCB) तथा पोलिक्लोरि नेटेडटर फिनाईल (PCT) आदि पदार्थहरूले मानव जीवनको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ । उदाहरणको लागि मानसिक सुस्तता, फोक्सो, कलेजो, मृगौलाको समस्या, सम्झना शक्तिमा कमि (Alzimer), प्रजनन् शक्तिमा कमजोरी तथा समस्या, नशा तथा मांसपेशीहरूमा आउने ठूला-ठूला समस्या बाहेक सामान्य टाउको पेट दुख्ने, खाना नरूच्ने,नपच्ने, छाला सम्बन्धी विभिन्न रोगहरू पनि बढ्दै गइरहेको पाइएको छ । माटोमा विभिन्नधातुहरूको मिसावटले जमिनको पनि उब्जाउ क्षमता घट्दै गएको, अझै भन्नु पर्दा माटो पनि प्रदुसित भैरहेको पाइएको छ ।

समस्या निराकरणका उपायहरु

विधुतजन्य फोहोरलाई अहिले व्यवस्थापन गर्ने भनेर पृथ्वीका जीवनहिन खाली भएका खाल(डाखुल्डीहरू (ल्याण्डफिल) भर्ने अथवा खुल्ला हावामा आगो लगाई डढाई दिने गरिँदैल आइरहेको, जसको प्रत्यक्ष असर पृथ्वीको माटो, हावा, पानी र जनस्वास्थ्यमा परिरहेको छ ।

विकसित मुलुकहरू जस्तै अमेरिका, यूरोप, चीन लगायतका देशहरूले भविष्यमा आउन सक्ने बिकराल समस्यालाई बुझेर निकै कडा ई-वेष्ट सम्बन्धी कानुन बनाई कार्यान्वयन गरिरहेका छन् । कती युरोपेली मुलुकहरू र अमेरिकाका शहरहरू सान फ्रान्सिस्को, क्यानडा, नोभा-स्कोटिया, इटाली जेरो-वेष्ट अर्थात शून्य फोहोरको उत्पादन गर्ने सिद्धान्तलाई लिएर अगाडि बढिरहेका छन् । त्यस्तै चीनले "फोहोर बाट ऊर्जा" भन्ने नाराका साथ फोहरबाट ऊर्जा उत्पादन गरी रहेको छ । सन् २०१४ मा चीनले ३९ % ऊर्जा सन् २०१३ भन्दा बढी निकालेको प्रकाश पारेको छ । आयरल्याण्डले भने ई- उपकरणह(रूको खरिदमा १५ % कर थपिदिएर खरिद गर्ने अनुपातमा ९२ % ले कटौटी गरेको छ, जसले भविष्यको सोझै ई-वेष्ट व्यवस्थापनमा सहयोग पुऱ्याउने छ ।

> "देशमा विद्युतजन्य फोहरहरु घटाउन र भविष्यमा यस समस्याले विकराल रुप लिनबाट जोगाउन समयमा नै यस विषयमा सचेत हुनुपर्दछ । यी समस्याहरु समाधान गर्न जनचेतना मूलक कार्यक्रमहरु गर्ने हरेक नागरिकलाई सचेत गराउनु पर्दछ । त्यस्तै जस्ले यस्ता फोहरहरु उत्पादन गर्दछ उनीहरुसंग उत्पादनको माग होइन व्यवस्थापनका सहित लिएर छुट्टै व्यवस्थापन कोष खडा गर्नुपर्दछ ।

नेपालमा हालसम्म ई-वेष्ट व्यवस्थापन सम्बन्धी छुट्टै नियम-कानुन बनी नसकेको भए पनि सन् २०११ मा सम्पूर्ण ठोस फोहर पदार्थहरूलाई व्यवस्थापन गर्ने ऐन बनाइएको थियो । जसको सही र कडाईका साथ कार्यान्वयन हुन नसक्दा समस्या जस्ताको त्यस्तै रहेको छ ।

अन्तराष्ट्रिय फोहोर ब्यबस्थापनको सात नियमहरुÙ Refuse, Rethink, Reduce, Reuse, Recycle, Redesign and Repurpose, पालना नगरी बैज्ञानिक तरिकाले व्यवस्थापन गर्ने काम असम्भव देखिन्छ । त्यसैले नेपालले यिनै सात नियमलाई साथमा लिंदै योजना, निति, नियम तर्जमा गर्नं पर्दछ । यस कार्यमा सरकार्, प्रशासन बाहेक हर एक नागरिकको पूर्ण जिम्मेवारी र कर्तब्य हुने गर्दछ । त्यो भन्दा पनि जिम्मेवारीको कुरा गर्दा उत्पादक र उपभोक्ता केन्द्रित व्यवस्थापन पद्धती अपनाउनु बुद्धिमानी हुन्छ ।

विद्युतजन्य फोहरहरु घटाउने उपायहरु

देशमा विद्युतजन्य फोहरहरु घटाउन र भविष्यमा यस समस्याले विकराल रुप लिनबाट जोगाउन समयमा नै यस विषयमा सचेत हुनुपर्दछ । यी समस्याहरु समाधान गर्न जनचेतना मूलक कार्यक्रमहरु गर्ने हरेक नागरिकलाई सचेत गराउनु पर्दछ । त्यस्तै जस्ले यस्ता फोहरहरु उत्पादन गर्दछ उनीहरुसंग उत्पादनको माग होइन व्यवस्थापनका सहित लिएर छुट्टै व्यवस्थापन कोष खडा गर्नुपर्दछ ।

१. सबै थरीका बिध्युतिय उपकारण उत्पादन गर्ने बेच-बिखन गर्ने ब्यबसायीहरुलाई निती नियमको दायरा भित्र लिएर आउनु पर्दछ ।

२. उनीहरुसँग उत्पादनको मात्र होईन ब्यबस्थापनको कर सहित लिएर एउटा छुट्टै व्यवस्थापन कोष खडा गर्ने ।

३. उपभोक्ताहरुले पनि विधुतिय उपकारण खरिद गर्द वा प्रयोग पश्चात फ्याँक्दा व्यवस्थापन कर बुझाउनै पर्ने निति नियम ल्याउनु पर्दछ ।

४. उत्पादकहरु, उपभोक्ताहरु र फोहोर व्यवस्थापकहरुले पनि व्यवस्थापनका सात नियमहरु कडाईका साथ पालन गर्नं पर्दछ ।

५. विधुतिय फोहोर लाई अरुफोहोर बाट छुट्याउने गर्नं पर्दछ । निर्दिस्ट स्थान बाहेक अन्त फोहर फ्याँके कारवाही हुने व्यवस्था हुनु पर्दछ ।

६. फोहोर व्यवस्थापकहरु .ले व्यवस्थापनको लागी छुट्टाइएको कोषको सही प्रयोग गर्नं पर्छ ।

७. व्यवस्थापन हुन नसकिने फोहोरलाई सुरक्षित तरिकाले डम्पिङ साईटमा अथवा इन्सनरेसन चेम्बरमा डढाउनु पर्दछ र यी सबै कार्यका लागी एक

- बाँकी पृष्ठ ६ मा


# नयाँ संसद्ले मुक्तिनाथ अधिकारीलाई न्याय देला ?

२०६३ साल मङ्सिरमा विस्तृत शान्ति प्रक्रिया सुरू भएयता नेपालमा चार चार पटक जनप्रतिनिधिहरू चुनिएर आइसकेका भए पनि अहिलेसम्म सत्य र न्यायको कुनै पनि सङ्केत बिना स्वर्गीय मुक्तिनाथ अधिकारीका परिवारका सदस्य र आफन्त तथा अधिकारकर्मीहरूले उहाँको निर्मम हत्याको २१औँ स्मृति दिवस मनाए ।

तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले चन्दा दिन इन्कार गरेको भन्ने आरोपमा २०५८ साल माघ ३ गते लमजुङमा अधिकारीको नि(र्ममतापूर्वक हत्या गरेका थिए। उनलाई माओवादीका कार्यकर्ताहरूको एक समूहले कक्षा कोठाबाट आँखामा पट्टी बाँधेर अपहरण गरी नजिकैको थुम्कोमा लगेर रूखमा बाँधी छुरा रोप्दै टाउकोमा गोली प्रहार गरेर हत्या गरेका थिए। मुक्तिनाथ दुराडाँडास्थित पाणिनी संस्कृत विद्यालयका प्रधानाध्यापक एवं लमजुङस्थित एम्नेस्टी इन्टरनेसनल नेपालको स्थानीय समूहका संयोजक पनि हुनुहुन्थ्यो ।

त्यसयता अधिकारी परिवारले न्यायका लागि नेपालमा उपलब्ध सबै ढोकाहरू ढक्ढक्याएका छन्। तर परिणाम शुन्य छ। नियमित न्यायिक संयन्त्रका रूपमा रहेको प्रहरी प्रशासन, राष्ट्रिय मानवअधिकार आयोग र संक्रमणकालीन न्याय निरुपणका लागि गठित संयन्त्र सत्य निरुपण तथा मेलमिलाप आयोग मा दर्ता गरिएको उजुरीहरूमाथि कुनै कारबाही नहुँदा परिवारमाथि थप पीडा भएको छ ।

हत्याको २१ वर्ष:



सत्य निरुपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग सम्बन्धी कानुन संशोधन गर्न सर्वोच्च अदालतले दिएको आदेशलाई सात वर्षसम्म बेवास्ता गरिनु र यी आयोगमा दुई दुई पटक आयुक्तहरू नियुक्त भई ६ वर्षभन्दा बढी समय कार्य गर्दा समेत कुनै एउटा पनि घटनामा सत्य र न्याय निरूपण नहुनु साह्रै खेदजनक छ" मुक्तिनाथ अधिकारीका छोरा सुमन अधिकारीले भन्नुभयो, "पीडि(तहरू वर्षौंसम्म पनि सत्य, न्याय र परिपूरण बिना तड्पिरहनु लाजमर्दो कुरा हो । फरक विचार व्यक्त गर्ने तर कुरै नगरौं स्वतन्त्र रूपमा बोल्न समेत कठिन त्यस समयमा मुक्तिनाथ अधिकारी अन्याय र हिंसाका विरुद्ध खडा मात्र हुनुभएको थिएन उहाँले आफ्ना विद्यार्थीको मस्तिष्कमा मानवअधिकारका मूल्यहरूलाई जगाउने काम समेत गर्नंभएको थियो। स्वर्गीय अधिकारी नेपालको एम्नेस्टी अभियानका एक सक्रिय र महत्त्वपूर्ण सदस्य हुनुहुन्थ्यो र हामी उहाँको हत्याको भत्सर्ना मात्र नगरी उहाँको हत्यालाई मानवअधिकार रक्षकहरूले गर्ने मानवअधिकार रक्षाको कर्ममाथि भएको एउटा नि(र्मम र घृणित आक्रमणको रूप लिइरहनेछौं," एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियाले भन्नुभयो 'आजभन्दा २१ वर्षअघि स्वर्गीय अधिकारीको नि(र्मम हत्यामा शोक व्यक्त गरिरहँदा कुनै पनि खाले हिं(सा र अन्यायविरुद्ध खडा भएर आवाज उठाउने हाम्रो सङ्कल्प झन् बढी दृढ भएको छौं ।'

मुक्तिनाथ अधिकारीको निर्मम हत्या द्वन्द्वका क्रममा राज्य र विद्रोही समूह दुवै पक्षहरूले गरेका हजारौं मानवअधिकार उल्लङ्घनका घटनाह(रूमध्येको एक प्रतिनिधिमूलक घटना हो। द्वन्द्व अन्त्य भएको १७ वर्ष बितिसक्दा पनि अलपत्र परेको सत्य, न्याय र परिपूरणको मुद्दाको शीघ्र समाधानका लागि पीडित र अधिकारकर्मीहरूले लामो समयदेखि निरन्तर आह्वान गर्दै आएका छन् ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# वाणिज्य नीति संशोधन गर्ने उद्योगमन्त्री भण्डारीको पहिलो निर्णय



काठमाडौँ, ३ माघ
उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले वाणिज्य नीतिलाई पुनरावलोकन गर्नेसम्बन्धी पहिलो निर्णय गरेका छन । मंगलवार मात्रै मन्त्रालयको जिम्मेवारी पाएका मन्त्री भण्डारीले कार्यभार सम्हाल्दै उक्त निर्णयमा हस्ताक्षर गरेका हुन । उनले पुस १० मा विनाविभागीय मन्त्रीको शपथ लिएका थिए ।

मन्त्रालयमा उनलाई सचिवद्वय तोयानारायण ज्ञवाली र मधुकुमार मरासिनी स्वागत गरेका थिए । स्वागत कार्यक्रममा मन्त्रालयका उच्चपदस्थ कर्मचारी र मन्त्रालय अन्तर्गतका सार्वजनिक संस्थानका प्रमुखहरुको सहभागिता थियो ।

पदभार ग्रहणपछि मन्त्री भण्डारीले विदेशी भूमिमा श्रम गरिरहेका नेपालीलाई स्वदेशमा श्रम गर्ने वातावरण बनाउने गरी उद्योगहरुको विकास गर्न आफूले काम गर्ने बताए । यसका लागि अहिले भएका नीतिगत समस्यालाई छिट्टै किनारा लगाउने प्रतिबद्धता उनले व्यक्त गरे ।

सरकारले ल्याएको २१ बुँदे साझा कार्यक्रममा समेटिएका विषयलाई पूरा गर्न मन्त्रालय केन्द्रित हुने उनको भनाइ छ । यसका लागि रुग्ण उद्योगको पुनर्स्थापना र साना तथा मझौला उद्योगको प्रवर्द्धनमा ध्यान दिइने उनले बताए । आफ्नो कार्यकालमा धेरै बोल्नेभन्दा पनि नतिजा निकाल्ने गरी काम गर्ने प्रतिबद्धतासमेत उनले व्यक्त गरे । मंगलवारको पहिलो निर्णयसँगै उक्त नीतिको मस्यौदा अब प्रदेश सरकारका सम्बद्ध मन्त्रालयहरुमा सुझावका लागि पठाइनेछ । प्रदेशहरुबाट प्राप्त सुझावलाई समेटेपछि नीतिले अन्तिम रुप दिइने मन्त्रालयले जनाएको छ ।

पाटन नगरपालिका-६ बैतडीका मन्त्री भण्डारी २०३० कात्तिक २० मा उदयसिंह भण्डारी र कमला भण्डारीको सुपुत्रका रुपमा जन्मेको हो । स्नातकसम्म अध्ययन गरेका उनको रुचिको क्षेत्र अर्थतन्त्र हो । विसं २०४६ को जनआन्दोलनबाट प्रभावित भई राजनीतिमा आबद्ध भएका भण्डारी २०५० सालमा अनेरास्ववियु बैतडीको जिल्ला अध्यक्ष बनेका थिए ।

त्यस्तै, विसं २०५० सालमा तत्कालीन नेकपा (एमाले)को जिल्ला कमिटी सदस्य, २०५४ सालमा जिल्ला उपसचिव हुँदै बैतडीको अध्यक्षसमेत भए ।

विसं २०७० मा संविधानसभा सदस्यका रुपमा बैतडी १ बाट निर्वाचित भएका उनले विभिन्न भूमिकामा कार्यसम्पादन गर्नुभएको छ । मन्त्री भण्डारी २०७४ र २०७९ मा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए भने विसं २०७३ मा अर्थराज्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

उनी राजनीतिक आन्दोलनका क्रममा पटक-पटक प्रहरी हिरासतमा परेका छन ।

मुलुकको अर्थतन्त्र बलियो भएमात्र विकास हुने धारणा राख्ने मन्त्री भण्डारीले संविधान निर्माणमा भूमिका खेलेबापत संविधानसभा पदक प्राप्त गरेका छन । रासस

# नेप्से परिसूचक ३२ दशमलव ७२ अंकले बढ्यो



काठमाडौँ, ३ माघ
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलवार उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) का अनुसार नेप्से परिसूचक ३२ दशमलव ७२ अङ्कले उकालो लागेर दुई हजार एक सय ८२ दशमलव ११ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ५८ ले वृद्धि भई चार सय १५ दशमलव ८३ मा पुगेको छ । कूल १३ उपसमूहमध्ये १२ उपसमूहको शेयर मूल्य उकालो लाग्दा बैङ्किङ उपसमूहको भने ओरालो लागेको छ ।कारोबार भएकामध्ये मंगलवार एक सय ६९ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ भने ३० वटा कम्पनीको शेयर मूल्यमा घटेको छ । साथै छ वटा कम्पनीको शेयर मूल्य स्थिर छ । मंगलवारको कारोबारमा कूल एक करोड १८ लाख ८३ हजार दुई सय ८७ कित्ता शेयर रु तीन अर्ब ७२ करोड ४७ लाख ९४ हजार पाँच सय ८७ मूल्यमा कारोबार भएको छ । मङ्गलबारको कारोबारपछि बजार पुँजीकरण रू ३१ खर्ब ५० अर्ब ४० करोड २२ लाख ८३ हजार दुई सय नौ पुगेको छ ।

यो दिनको कारोबारमा जलविद्युत् कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ । कारोबार रकमका आधारमा अपि पावर कम्पनी शीर्ष स्थानमा छ । कम्पनीको शेयर रू २३ करोड २६ लाख आठ हजार तीन सय ८८ कारोबार भएको छ । त्यस्तै माथिल्लो तामाकोसीको शेयर रू११ करोड ३८ लाख ३८ हजार एक सय ५९, डादी ग्रुप अफ पावरको शेयर रू १० करोड ४८ लाख ४७ हजार तीन सय १६, रिडी पावर कम्पनीको शेयर रू नौ करोड चार लाख दुई हजार छ सय १५ र हिमालयन डिस्टिलरी शेयर रू आठ करोड १७ लाख १५ हजार नौ सय ७३ मा कारोबार भएको छ ।

नेप्सेका अनुसार ग्रीन भेञ्चर्स, आदर्श लघुवित्त र पिपल्स हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । बाराही हाइड्रोपावर नौ दशमलव ९७ र घलेम्दी हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९६ प्रतिशतले कमाएका छन् । त्यस्तै, प्रभु सेलेक्ट फन्ड आठ दशमलव ४५, एनआइबिएल समृद्धि फन्ड दोस्रो छ दशमलव २१, आरबिबी म्युचुअल फन्ड पहिलो पाँच दशमलव ५४, एनआइसी एसिया फन्ड पाँच दशमलव शून्य एक र सामुदायिक लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य चार दशमलव २४ प्रतिशतले घटेको छ ।रासस

# झापामा फस्टाउँदै जडीबुटी खेती

झापा, ३ माघ
अर्जुनधाराका डम्बर चौधरीले गत वर्ष पाँच बिघा जग्गामा पचौली नामक जडीबुटीको खेती थालनी गरे । रोपेको तीन महिनापछि यसको बुट्यानबाट घाँस काटेर बिक्री गर्न थाले ।

यसको काँचो घाँस प्रतिकेजी रु २० र सुकेको घाँस रु १०० मा बिक्री हुने भएकाले पचौली खेतीको आम्दानीबाट सन्तुष्ट रहेको उनले बताए । मेचीनगर-१४ दुहागढीमा विसं २०७० मा कुलायन नेचुरल हर्बल प्रालि स्थापना भएपछि चौधरीले जस्तै मेचीनगर, अर्जुनधारा, भद्रपुर र बुद्धशान्ति पालिकाका कृषक तथा सामुदायिक वनहरूले पचौली र लेमनग्रासको खेती ठूलो मात्रामा थालेका हुन् ।

कुलायन नेचुरल हर्बल उद्योग आफैँले पनि ५० बिघा जग्गा भाडामा लिएर उद्योग सञ्चालन र जडीबुटी खेती गरिरहेको छ । कालो हर्दी, युकिलिप्टस (मसला), तेजपत्ता, नगरमोथे, बोझो, भेटिबर, लेमनग्रास, सिट्रोनेला, पामरोजा, पचौलीलगायतका जडीबुटीजन्य वनस्पतिलाई प्रशोधन गरेर उद्योगले सुगन्धित तेल उत्पादन गर्दै आएको छ ।

उद्योगले उत्पादन गरेको सुगन्धित तेल सिधै युरोप र अमेरिका निर्यात हुन्छ । गत वर्ष सरकारले विदेशी मुद्रा भित्र्याउन योगदान पुऱ्याएवापत उद्योगलाई सम्मान गरेको थियो । उद्योग आफैँले सुरुमा विद्यालयको खाली जग्गा भाडामा लिएर जडीबुटी खेती थालेको थियो । उद्योगले स्थानीय कृषकहरूलाई समेत आम्दानी लिन हौसला बढाएपछि मेचीनगरको वडा नं १०, १३, १४ र १५ मा धानखेत मासेर किसानले जडीबुटीका बिरुवा रोप्न थालेका हुन् ।



“थोरै जमिनमा थोरै लगानी गर्दा धेरै आम्दानी गर्न सकिन्छ भन्ने थाहा पाएपछि मैले पनि सुरुमा दुई बिघामा पचौली रोपेँ”, अर्जुनधाराका डम्बर चौधरीले भने , “दुहागढीको हर्बल उद्योगले पचौलीको घाँस किनिदिन्छ । आयस्ता राम्रो हुन थालेकाले खेती विस्तार गरेर पाँच बिघामा लगाएको छु ।”

सामुदायिक वनमा खेती विस्तार

झापाको अर्जुनधाराकै जुकेखाडी सामुदायिक वन र भद्रपुरको कमलधाप सामुदायिक वनले जडीबुटी खेतीमा लगानी गरेका छन् । बीस बिघाबाट सुरु भएको यस्तो खेती अहिले पाँच सय बिघामा विस्तार भइसकेको छ । जुकेखाडीले १० बिघा र कमलधापले एक सय बिघा वन क्षेत्रमा लेमनग्रासको खेती गरेको छ । लेमनग्रासको घाँस काटेर उद्योगमा बिक्री गर्दिँदै आएको छ । जसलाई मेसिनमा पेलेर सुगन्धित तेल उत्पादन गरिन्छ। मेचीनगर-१४ कै बाल सुबोधिनी माध्यमिक विद्यालयको बाँझो रहेको २० बिघा जग्गा वार्षिक रु एक लाख ५० हजार बुझाउने शर्तबन्धमा ४० वर्षका लागि उद्योगले भाडामा लिएर ११ वर्षदेखि खेती गर्दै आएको छ ।

जहाँ मसाला, तेजपत्ता, कालो हर्दी, भेटिबर, नगरमोथे, सिट्रोनेलालगायतका जडीबुटीका रुख र घाँसको जङ्गल हुर्किसकेको छ । अरु एक सय बिघा जग्गा खेती विस्तारका लागि खोजी गरिरहेको उद्योगका सञ्चालक भरत बस्नेतले बताए ।

“सुरुमा हामीले जग्गा लिजमा लिएर जडीबुटी रोपण गऱ्यौँ, अहिले किसानहरू आफैँ म पनि खेती लगाउँछु भन्दै आउन थालेका छन ”, उद्योगी बस्नेतले भने ,“किसानहरूले जति धेरै उत्पादन गरेता पनि किनिदिने ग्यारेन्टी उद्योगका तर्फबाट गरिदिएका छौँ । खेतीका लागि प्राविधिक र बिरुवा सहयोगसमेत गरिरहेका छौँ ।”

नौ वर्षमा झापाका ६० जनाभन्दा बढी स्थानीय किसान र आधा दर्जन सामुदायिक वन जडीबुटी खेती अभियानमा जोडिनुभएको र पाँच सय बिघाभन्दा बढी जग्गामा यसको खेती फस्टाइरहेको उहाँले जानकारी दिए ।

महँगो अगरउडको खेतीमा लगानी

हर्बल उद्योगले संसारकै महँगो मानिएको अगरउड (सुगन्धित काठ)को व्यावसायिक उत्पादन गर्ने महत्वाकाङ्क्षी परियोजना सुरु गरेको छ । सञ्चालक बस्नेतका अनुसार हाल उद्योगले दुई हजारवटा सेतोचन्दन (सुगन्धित काठ)को बिरुवा रोपेर हुर्काइरहेको छ । यसले उत्पादन दिन १५ वर्ष कुर्नुपर्छ ।

“सेतो चन्दन र अगरउडको उत्पादन गर्न सकियो भने महँगोमा अन्तर्राष्ट्रिय बजारमा बेच्न सकिन्छ भनेर हामीले इच्छुक किसानलाई प्रोत्साहित गरिरहेका छौँ”, उद्योगी बस्नेतले भने । रासस

# अटेरी क्रसर उद्योगमाथि कारबाही



महोत्तरी, ३ माघ
कानुनको अटेर गर्ने क्रसर उद्योगमाथि जिल्ला समन्वय समिति महोत्तरीले कारबाही थाल्ने भएको छ । जिल्लामा प्राकृतिक सम्पदाको उपयोग कानूनसम्मत भए नभएको अनुगमन गर्ने जिम्मेवारी रहेको समितिले कानुन अटेर गर्ने उद्योगमाथि कारबाही थालिने जनाएको हो ।

ढिस्का, चउर, नदी र नदी उकास क्षेत्रमा बढेको उत्खननबारे समितिले अनुगमन बढाएको छ । समितिले विद्युतीय लाइन काटेर कारबाही थाल्ने जनाएको हो । क्रसर उद्योग, बालुवा प्रशोधन र बालुवा वासिङ सेन्टरका नाउँमा सञ्चालित उद्योगले स्थानीयतहको संरक्षणमा कानुन पालना नगरेको जिल्ला समन्वय समिति नेतृत्वको अनुगमन समितिको निष्कर्ष छ ।

“जिल्लाका क्रसर उद्योगको अनुगमन गर्दा नियमविपरीत उत्खनन गरिरहेका पाइयो”, अनुगमन समिति संयोजक रहेका जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लालकर्ण भन्छन्, “नियमानुसार कारबाही प्रक्रिया बढाउँछौँ, कानुन नमान्नेको विद्युतीय लाइन काट्दैछौँ ।” नदीजन्य पदार्थ उत्खननअघि सम्बन्धित स्थानीय तहले विज्ञबाट वातावरणीय प्रभाव मूल्याङ्कन गराउने र सो अनुसार तोकिएको मात्रामा उत्खननको इजाजत कानुनअनुसारका योग्य कम्पनीलाई दिनसक्ने प्रावधान छ । इजाजत पाएका कम्पनीले तोकिएको मापदण्डअनुसार उत्खनन गरेका छन् छैनन् त्यसको अनुगमन गर्ने जिल्ला समन्यव समिति नेतृत्वको अनुगमन समितिले गर्छ । सो समितिमा जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित प्रमुख सदस्य छन् । समितिले जिल्लाका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिकाका क्रसर र बालुवा प्रशोधन उद्योगले मापदण्डविपरीत उत्खनन गरी रहेका निष्कर्ष निकालेको हो ।

“बर्दिबास, गौशाला र भङ्गहा नगरपालिका क्षेत्रका ५३ उद्योगको अनुगमनमा वैधानिक कागजात दिन सकेनन”, कर्ण भन्छन,“न इजाजतपत्र, नवीकरण मौज्दात विवरण, हचुवाका भरमा सञ्चालित छन् ।” अनुगमनपछि सम्बद्ध स्थानीयतहलाई यसको अवस्थाबारे जानकारी गर्न अनुरोध गरेपनि कसैले वास्ता नगरेका कर्णको गुनासो छ ।

“आर्थिक वर्षको अन्त्यमा त्यो वर्ष उत्खनन गरिएका नदीजन्य पदार्थको निकासी कति भयो ? भण्डारमा कति मौजदात छ ? त्यसको विवरण सम्बद्ध उद्योगले राख्नैपर्छ, सम्बन्धित स्थानीय तह र जिल्ला अनुगमन समितिले मागेका बेला देखाउनुपर्छ”, कर्ण भन्छन, “यसबारे कुनै उद्योग र सम्बद्ध स्थानीय तह संवेदनशील देखिएनन् ।” विभिन्न शक्तिकेन्द्रको आड र संरक्षणमा कानुनको बेवास्ता गर्दै सञ्चालनमा रहेका क्रसर उद्योगको मनपरी उत्खनन्ले नदी र उकास क्षेत्र खण्डहर बन्दै गएका गुनासो बढेपछि समितिले अनुगमन र कारबाही प्रक्रिया बढाइएको जनाएको छ ।

उद्योग बन्द गराएर निर्माण सामग्रीको अभाव सिर्जना गर्ने आफ्नो उद्देश्य नरहेको स्पष्ट पार्दै समितिले अब कानुन मिच्न नदिइने जनाएको छ । सम्बन्धित वडा कार्यालयको सिफारिसमा जिल्लास्थित घरेलु उद्योग कार्यालयमा दर्ता हुने यस्ता उद्योगको विवरण स्थानीय तह (नगर वा गाउँपालिकाको कार्यालय) र जिल्ला समन्वय समितिको कार्यालयमा रहने व्यवस्था छ । बर्सेनि कानुनबमोजिम नवीकरण गर्ने र मापदण्डअनुसार काम गर्नेप्रति कुनै पूर्वाग्रह नरहने स्पष्ट पार्दै समितिले अटेर गर्ने उद्योगमाथि भने कारवबाही गरिने जनाएको छ । जिल्लामा अहिले बर्दिबासमा २५ र गौशाला एवं भङ्गाहामा १४/१४ गरी ५३ उद्योग अस्तित्वमा देखिन्छन् । यीमध्ये लगातारको ताकेतापछि २० वटाले केही कागजात समितिमा ल्याए पनि त्यो अपूर्ण रहेको प्रमुख कर्णको भनाइ छ । अन्य २३ वटा त पूरै बेखबर छन् । “यहीँकै ठूलाबडाका हुन् क्रसर, कसले हेर्ने ? कसले बुझ्ने ?” भङ्गाहा-४ का सामाजिक कार्यकर्ता गङ्गाराम महतो भन्छन । यता यी तीनै स्थानीयतह (बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका) का प्रतिनिधि भने जिल्ला समन्वय समितिले गरेको असहयोगको गुनासो जायज नरहेको बताउँछन् ।

“हामी कानुन विपरीत क्रसर सञ्चालन हुन नदिन दृढछौँ, हुन दिएका पनि छैनौँ”, बर्दिबासका नगरप्रमुख प्रल्हाद क्षत्री भन्छन,“तर अनुगमनमा हामीलाई सामेल गरे हुन्थ्यो नि ! उद्योग स्थापनाको स्वीकृति, नवीकरण त सरकारी निकायबाटै भएका छन् । ती निकायबीच समन्वय नहुँदा कतिपय भ्रम बढेको छ ।” गौशालाका नगरप्रमुख डा दिपेन्द्र महतो र भङ्गाहाका सञ्जीवकुमार साहले पनि आफ्नो क्षेत्रमा बिना इजाजत यस्ता उद्योग सञ्चालनमा नरहेका स्पष्ट पारेका छन ।

“हामी निरन्तर निगरानी गरिरहेका छौँ, यो चालु आर्थिक वर्षमा कतै उत्खनन भएकै छैन”, गौशालाका नगरप्रमुख डा महतो भन्छन, “कतै कानुनविपरीत भेटिए हामी तत्काल बन्द गराउँछौँ ।”नगर प्रमुखहरुले अहिले उत्खनन रोकिएको बताए पनि तीनवटै नगरका मुख्य नदी बाँके, मरहा, जङ्घा, भब्सी र रातु नदी एवं नदी उकास क्षेत्रमा अझै रातिराति ठूलाठूला यान्त्रिक उपकरणले उत्खनन गरेर रातारात नदीजन्य पदार्थ बाहिरिने गरेको सर्वसाधारणको गुनासो छ। यसैबीच समितिका प्रमुख कर्णले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, उत्खनन इजाजतपत्र, नवीकरण, सामग्री मौजदात विवरण र निकासी विवरण सफा हुनसके अवैध उत्खनन नियन्त्रण हुने विश्वास लिएका छन । पछिल्लो पटक सङ्घीय सरकारको गृह मन्त्रालयले अवैध यस्ता उद्योग तत्काल बन्द गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ ।रासस

# बाथरोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर




काठमाडौँ, ३ माघ
बद्री-तीर्थ आर्थराइटिस् समाज तथा नेशनल बाथरोग सेन्टरको संयुक्त आयोजनामा आजदेखि बाथरोगसम्बन्धीनिःशुल्कस्वास्थ्योपचार शिविर सञ्चालन गरिने भएको छ ।

नेपालमा बढ्दै गइरहेको बाथरोगको पहिचान गरी यसका बिरामीलाई पनि उपचारको पहुँचमा ल्याउन सहयोग पुगोस् र निम्न आय भएका बाथरोगीहरूले उपचार पाउन सकुन् भनेर आजदेखि यही माघ ९ गतेसम्म निःशुल्क बाथरोग शिविर सञ्चालन गर्न लागिएको सो सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले जानकारी दिए ।

रातोपुलमा रहेको नेशनल बाथरोग सेन्टेरमा बिहान ९ देखि साँझ ६ बजेसम्म यस रोगका विशेषज्ञ एवं चिकित्सकहरूबाट निःशुल्क स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइएको प्रबन्ध निर्देशक कक्षपतिले जानकारी दिए ।

उनले बाथरोग पहिचानका लागि हुने बाथरोग शिविरमा सिरापी, इएसआर, युरिक एसिड र सुगर परीक्षण निःशुल्क गरिनेसमेत बताए । उनले हरेक वर्ष माघमा बाथरोगसम्बन्धी जनचेतना फैलाउने अभियानअन्तर्गत शिविर सञ्चालन गर्ने गरिएको पनि बताए ।यस शिविरबारेमा जानकारी दिन सोमबार यहाँ आयोजित एक कार्यक्रममावरिष्ठबाथरोगविशेषज्ञ डा विनित वैद्यले बाथरोगले मानिसका शरीरका सबै अङ्गलाई हानी गर्ने भएकाले बाथरोगबारे सचेत हुनुपर्ने बताए ।

उनले सन् २०१२ देखि बाथरोग जागरण अभियान सुरु गरिएको भन्दै बर्सेनि कम्तीम पनि दुई सय २५ जना विपन्न परिवारका बाथरोगीलाई निःशुल्क उपचार गरेको बताए ।

काठमाडौँ महानगरपालिका वडा नं ९ का अध्यक्ष रामजी भण्डारीले बाथरोगबारे अध्ययन तथा अनुसन्धान हुनुपर्ने जोड दिए । उनले बाथरोग उपचारमा वडामा रहेका सबैलाई सहयोग गर्ने बताए । यसैबीच बाथरोगका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएकामा प्रा रत्नशम्शेर राणालाई ‘ तीर्थानन्द-वैद्य मेमोरियल लाइफटाइम एचिभमेन्ट अवार्ड’ प्रदान गरिएको छ । बद्री–तीर्थ आर्थराइटिस् समाजका अध्यक्ष बद्रीलक्ष्मी वैद्यले नगद रु २५ हजार र सम्मानपत्रसहितको सो अवार्ड उनलाई प्रदान गरेका हुन ।रासस

# विदेश जाने अवस्था शून्यमा पुऱ्याउँछु : नवनियुक्त श्रममन्त्री



काठमाडौँ, ३ माघ
नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य सरकारको प्राथमिकता रहेको बताए । श्रम मन्त्रीको शपथपछि मन्त्रालयमा पदवहालीका क्रममा सञ्चारकर्मीसँग उनले नेपालीहरुलाई विदेश जाने अवस्था न्यूनीकरण गरेर शून्यमा पुऱ्याउने बताए । उनले नेपालमै रोजगारी सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरे । “नेपाली नागरिकले जबसम्म स्वदेशमै आत्मसम्मानसहितको रोजगार पाउँदैनन्, तबसम्म देशको विकास कल्पना बाहिरको हुन्छ”, उनले भने । स्वदेशमै रोजगारीका पर्याप्त अवसर सिर्जना नभएसम्म वैदेशिक रोजगारी बाध्यात्मक रहेको उनले बताए । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दक्ष बनाएर पठाउनेमा आफ्नो ध्यान केन्द्रित हुने उनको भनाइ छ ।

“दक्ष भएर विदेश नजाँदासम्म श्रमिकले दुःख पाइरहेको अवस्था छ”, उनले भने , “त्यसको निराकरणका लागि मैले काम गर्छु ।” मन्त्रालयले समन्वय गरेर स्वदेशमा पर्याप्त मात्रामा रोजगारी सिर्जना गरिने मन्त्री अर्यालको भनाइ छ । “बाध्यताले नभई चाहेर मात्र विदेश जाने अवस्था सिर्जना गर्ने मेरो लक्ष्य हो”, उनले भने ।रासस

# निजगढ विमानस्थल तीव्र गतिमा अघि बढाइन्छ : पर्यटनमन्त्री किराती

काठमाडौँ, ३ माघ
सरकारले बहुप्रतिष्ठित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अघि बढाउने भएको छ ।

नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले मंगलवार मन्त्रालयमा पदबहाली गर्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल 'गेम चेन्जर' परियोजना भएकाले निगगढमा विमानस्थल बन्ने विश्वास व्यक्त गरे । उनले भने ,"निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जरुरी छ, त्यसलाई कसरी तीव्र गतिमा कसरी अगाडि बढाउन सकिन्छ भनेर हाम्रो तर्फबाट सम्पूर्ण बल लगाइन्छ ।"




प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गत पुस १७ गते पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटनका क्रममा राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य शीघ्र अघि बढाइने बताएका थिए । सरकारले बाराको निजगढमा प्रस्तावित निजगढ विमानस्थल निर्माण अघि बढाउने निर्णय गरिसकेको छ । वातावरणको विषयले निर्माणमा विलम्ब भएको उक्त आयोजना पुनः चर्चाको विषय बनेको छ ।

मुलुकमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको ७१ वर्षपछि दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा रुपन्देहीको भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (गत जेठ २ गतेदेखि) सञ्चालनमा आएको छ । तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि व्यावसायिक उडान सुरु भइसकेको छ । 'निगमको सुधार बाघको घोडा चढ्नु जस्तै'

पर्यटनमन्त्री किरातीले राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)लाई सुधार गरी सेवालाई प्रभावकारी बनाइने बताए । उनले नेपालको ध्वजाबाहक जहाज आकाशमा उडाएर गौरवमय बनाउनका लागि पहल गर्ने विश्वास व्यक्त गरे । मन्त्री किराती निगमको सुधार गर्नु बाघको घोडा जड्नु जस्तै भएको व्यङ्ग्य गरे । उनले भने , "निगमको सुधार गर्नु भनेको बाघको घोडा चढ्नु जस्तै हो । हात्तीको घोडा त धेरै चढैं तर यसलाई सुधार्नु भनेको बाघको घोडा चड्नु हो ।" निगमको संरचनागत सुधारका लागि नेपालको सन्दर्भमा कसरी नयाँ ढङ्गले पुनःसंरचना गर्न सकिन्छ, विज्ञ सरोकारवालासँग छलफल गरेर निर्णय लिने उनले उल्लेख गरे । उनले मन्त्रालयको कामलाई चुस्त र प्रभावकारी बनाउन लागि पर्ने बताए । मुलुकको हवाई सेवालाई सुदृढ बनाएर यसलाई जोखिममुक्त बनाउन पहल गर्ने उनको भनाइ थियो ।

'सहयोग पेटिका' का लागि मन्त्रीको एक महिनाको तलब

पर्यटनमन्त्री किरातीले माला र खादा लिएर नआउन आफन्त र शुभेच्छुकलाई आग्रह गरे । देश अहिले जहाज दुर्घटनाको शोकमा रहेको भन्दै उनले आफू मन्त्री भएर माला र खादा लगाउन अस्वाभाविक भएको उल्लेख गरे ।"सबै शुभेच्छुकलाई मन्त्रालयमा स्वागत छ, तर देश यत्रो शोकमा छ, खादा र माला नलगाऔँ, त्यो खादा र माला किन्ने पैसा बचत गरौँ, सहयोग पेटिका बनाएर त्यहाँ जम्मा गरौँ । सङ्कलित पैसा दुर्गम क्षेत्रको शिक्षा र स्वास्थ्यमा लगानी गर्नेछौँ", उनले भने ।

पर्यटनमन्त्री किरातीले सहयोग पेटिका बनाएर आफूले एक महिनाको पारिश्रमिक र सचिवालयका कर्मचारीको १५ दिनको पारिश्रमिक कोषमा जम्मा गरिने घोषणा गरे ।

'फोटोकपी नहुने तीन सम्पदाको सम्वर्द्धन'

पर्यटनमन्त्री किरातीले विश्व सम्पदा सूचीमा सूचीकृत सगरमाथा, पशुपतिनाथ र लुम्बिनीको सम्वर्द्धन र विकास गरी पर्यटक आकर्षण गर्न काम गर्ने बताए । "हामी यस्तो देशमा छौँ, जहाँ प्रकृति, सम्पदा र सांस्कृतिक विविधतामा धेरै धनी छौँ, 'कसैले फोटोकपी गर्न नसक्ने' देशका शान सगरमाथा, पशुपतिनाथ र लुम्बिनीको सम्वर्द्धन र विकासमा हाम्रो विशेष ध्यान जानेछ", उनले भने ।

पर्यटनमन्त्री किरातीले 'परिवार, नातागोत र आफन्तबाट भनसुन गरेर काम नहुने र जात, क्षेत्र, लिङ्ग तथा विचार र आस्था' को आधारमा कसैलाई भेदभाव नगर्ने तर, कामको परिणाम चाहिने उल्लेख गरे । मुलुकको नागरिक उड्डयन सेवालाई सुरक्षित र भरपर्दो बनाउन नागरिक उड्डयन प्राधिकरणसँग मंगलवारनै छलफल गर्ने बताए । उनले न्यूनतम स्रोत साधनको उच्चतम प्रयोगको सिद्धान्तबाट मन्त्रालयको काम कारबाही अघि बढाइने विश्वास व्यक्त गरे ।सङ्घीय निकायको पुनःसंरचनाबारे पहिलो निर्णयमा हस्ताक्षर पदबहाली गर्दै मन्त्री किरातीले मन्त्रालयको सङ्घीय निकायको पुनःसंरचनासम्बन्धी पहिलो निर्णयमा हस्ताक्षर गरेको मन्त्रालयका सचिव सुरेश अधिकारीले जानकारी दिए । सरकारको चालु आवको बजेट वक्तव्यमा सङ्घीय निकायको पुनःसंरचना गर्ने र दरबन्दी १० प्रतिशत कटाउने उल्लेख गरिएको थियो । सोही विषयको कार्यान्वयनका लागि पर्यटन मन्त्रालयअन्तर्गत सङ्घीय निकायको दरबन्दी कटौती र समीक्षा गर्नेसम्बन्धी मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने निर्णय गरिएको सचिव अधिकारीले बताए ।

पदबहालीपछि मन्त्रालयमा आयोजित स्वागत कार्यक्रममा पर्यटन मन्त्रालयका सचिव अधिकारीले मन्त्रालयको गतिविधिबारे जानकारी गराएका थिए । मन्त्रालय मातहत निकायका प्रमुखको उपस्थिति थियो ।

# आर्थिक र पारिवारिक समस्याले बढ्दो हत्या




सप्तरी, ३ माघ
आर्थिक र पारिवारिक समस्याको साथै नैराश्यताका कारण उत्पन्न आवेगले पनि पछिल्लो समय हत्याको घटना बढ्दै गएको छ । सप्तरीमा एक वर्षको अवधिमा भएको १२ वटा हत्याको घटनामा सामान्य विवाद, डिप्रेसन र रिस नै कारण रहेको एक अध्ययनले देखाएको छ ।

इन्सेकको सन् २०२२ को प्रतिवेदनअनुसार २०७८ पुस १७ देखि २०७९ पुस १६ गतेसम्म सप्तरीमा भएका छ पुरुष, चार महिला र दुई बालक गरी १२ वटा हत्या पारिवारिक विवाद, मादक पदार्थ सेवन, डिप्रेसन, सम्पत्ति र जग्गा विवाद तथा तत्काल उठेको रिसका कारण भएको इन्सेक प्रतिनिधि मनोहर पोखरेलले बताए ।

एक वर्षको अवधिमा बढी चर्चामा रहेको घटनामा सशस्त्र प्रहरी सहायक निरीक्षकको हत्या र पेट्रोल छर्केर भाउजूको हत्या गरेको घटना रहेको छ । छिन्नमस्ता गाउँपालिका-३ गोविन्दपुरस्थित सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट (बिओपी) भित्रै सिरहा भगवानपुर गाउँपालिका-२ नरहाका ४५ वर्षीय सशस्त्र प्रहरी सहायक निरीक्षक सत्यनारायण यादवको २०७९ असोज १९ गते हत्या भएको थियो ।

हत्याको आरोपमा सशस्त्र प्रहरी जवान ओखलढुङ्गा जिल्ला खिजिदेम्वा गाउँपालिका-२ का ३९ वर्षीय होमबहादुर खत्री कात्तिक २२ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन् । यादवको शव नेपाल-भारत सीमाभन्दा तीन किलोमिटर दक्षिण भारत विहार राज्यको मधुवनी जिल्लाअन्तर्गत जिरोगा पुनर्वासस्थित घोडदह खोलामा असोज २० गते नाङ्गो अवस्थामा फेला परेको थियो । उक्त घटना सीमा क्षेत्रमा हुने तस्करी र पदीय शक्ति हाबी हुने प्रवृत्ति रहेको बताइएको छ ।

यस्तै बोदे बर्साइन नगरपालिका-१ धनगढीकी २७ वर्षीया राजकुमारी साहलाई पेट्रोल छर्केर आगो लगाई हत्या गरेको आरोपमा उनकै देवर २१ वर्षीय परमेश्वर साह असार ७ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् । घरबाटै गत जेठ १५ गते पक्राउ परेका युवा कुलतमा फसेका र डिप्रेसन कारण घटना भएको प्रहरीले जनाएको छ ।

राजविराज नगरपालिका-१ चनौरा पडरियाकी ४० वर्षीया गीतादेवी रजकको हत्या स्वीकारेका उनका श्रीमान् ५२ वर्षीय भैयालाल भनिने हिरालाल रजक पुस ६ गतेदेखि राजविराज कारागारमा थुनामा छन् । उनलाई सर्वस्वसहित जन्मकैद सजाय भएको छ । श्रीमान्ले विदेशमा कमाएको रुपियाँ हिनामिना गरेको विषयमा विवाद हुँदा हत्या गरिएको अवस्थामा मङ्सिर १० गते राजविराज नगरपालिका-१ स्थित प्राङ्गारिक मल बनाउने निर्माणाधीन खुल्ला भवनको प्यासेजभित्र गीताको शव फेला परेको थियो ।

यस्तै सुरुङ्गा नगरपालिका-२ घुमाउने चौरीकी ४३ वर्षीया देवकुमारी सदाको हत्या आरोपमा उनका श्रीमान् ४९ वर्षीय अघना भनिने अगहनु सदाले छ महिना कैद सजाय भोगेका छन् । सामान्य घरायसी विवादमा कुटपिट गर्दा फागुन २९ गते देवकुमारीको मृत्यु भएको थियो । जम्मा ५० हजार रुपियाँ धरौटी राख्न नसक्दा पुर्पक्षका लागि थुनामा बसेका अगहनुलाई अदालतले गत भदौ ६ गते कैद सजाय तोकेको हो ।

यस्तै साइकलले बालकलाई सामान्य ठक्कर दिएको विषयमा उत्पन्न विवादमा डाक्नेश्वरी नगरपालिका-८ प्रवाहापट्टि टोलकी ६० वर्षीया जीरादेवी मण्डलको हत्या भएको घटनामा सोही ठाउँका राजेश्वर शर्मा साउन २४ गतेदेखि कारागारमा थुनामा छन् भने रीनाकुमारी शर्मा पुस १४ गते दुई लाख रुपियाँ धरौटी राखी तारेखमा रिहा भएकी छिन् । खेतबालीका लागि मल लिएर घरतर्फ आइरहेका २६ वर्षीय मनोज मण्डल सवार साइकलले एक बालकलाई दिएको ठक्करले उत्पन्न विवादका क्रममा आरोपितहरुले कुटपिट गर्न थालेपछि आफ्नो छोरालाई बीचबचाउ गर्न आएकी जीरादेवीको कुटपिटबाट मृत्यु भएको थियो । कञ्चनरूप नगरपालिका-१ बैरवाका ५० वर्षीय पप्पु भनिने सञ्जय राउतको हत्या घटना पत्ता लागेको छैन । घाँटी रेटी हत्या गरेको अवस्थामा गत मङ्सिर १३ गते उनको शव घरदेखि साढे एक सय मिटर उत्तरमा रहेको पोखरीमा घोप्टो अवस्थामा फेला परेको थियो । शव भेटिएको स्थानमा एउटा हँसियासमेत भेटिएको छ । राजविराजमा २०७८ साल माघ १६ गते हत्या गरी गाडेको अवस्थामा फेला परेको नवजात शिशुको हत्यारा पहिचान हुन सकेको छैन । हत्यामा आर्थिक कारण हुन सक्ने स्थानीयवासीको अनुमान छ ।

अग्निसाइर कृष्णसवरन गाउँपालिका-५ धिमारका १७ वर्षीय विशाल चौधरीलाई मादक पदार्थ खाई कुटपिट गर्दा मृत्यु भएको भनी प्रहरीले उनका बुवा ५० वर्षीय राजेन्द्र चौधरीलाई भदौ ८ गते पक्राउ गऱ्यो । मृतकका मामाले रामकुमार चौधरीले घटनाको सत्यतथ्य छानबिन गर्न र हत्या गरेको खुलेमा दोषीमाथि कारबाही गर्न माग गर्दै निवेदन दिए । आरोपितलाई गत भदौ ११ गते निजकी छोरीको जमानीमा छाडिएकामा उजुरी दिन कोही सम्पर्कमा नआएपछि उक्त घटना भवितव्य ज्यानमा दर्ता भएको छ ।

राजविराज नगरपालिका-१२ सिग्यौनका ३५ वर्षीय हरिदेव सदाको हत्या घटना भयो । हत्या आरोपमा गत भदौ ९ गतेदेखि अग्निसाइर कृष्णसवरन गाउँपालिका-२ भुडकी सीतापुर घर भई राजविराज नगरपालिका-१२ मा पसल गरी बस्ने ४५ वर्षीय रामकुमार सदा पुर्पक्षका लागि कारागारमा थुनामा छन् । अर्का आरोपित राजविराज नगरपालिका-११ का बौका यादव हालसम्म पक्राउ परेका छैनन् । मादक पदार्थ सेवन गरेपछि उत्पन्न विवादमा २०७८ साल माघ २९ गते कुटपिटबाट सदाको हत्या भएको सप्तरी प्रहरीले जनाएको छ ।

मादक पदार्थ सेवन गर्ने साथीहरूबीच भएको झगडामा रूपनी गाउँपालिका-५ बसविट्टीका २५ वर्षीय अन्सारुल मियाँको हत्या भएको प्रहरी अनुसन्धानले देखाएको छ । हत्या आरोपमा वैशाख २२ गतेदेखि पुर्पक्षका लागि रूपनी गाउँपालिका-५ बसविट्टीका २२ वर्षीय लालु भनिने जयराम खड्ग थुनामा परेका छन् । सोही ठाउँका १९ वर्षीय दीपक भनिने दीपेन्द्रकुमार खड्ग दुई लाख रुपियाँ धरौटीमा छुटेका छन् ।

बालसुधार गृह वीरगञ्ज पठाइएका १७ वर्षीय बालकलाई जेठ २३ गते संरक्षकको जिम्मा लगाइएको छ । अदालतमा असार ९ गते हाजिर भएका ४५ वर्षीय रामशुभक खड्ग र सोही ठाउँका २० वर्षीय मो. फरिद भनिने मो. उमर राइन जनही दुई लाख धरौटी राखी तारेखमा रिहा भएका छन् । कर्तव्य गरी मारेर पानीको पोखरीमा फालेको अवस्थामा अन्सारुलको शव चैत ७ गते फेला परेको थियो ।

खडक नगरपालिका-४ पंसेरास्थित पासवान टोलका २७ वर्षीय सन्तलाल पासवानको हत्या आरोपमा सोही ठाउँका ४१ वर्षीय दिलीपकुमार चौधरी जेठ ११ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् । विवाहमा जन्ती अघिअघि आएको डिजे बाजालाई विवाहस्थल पुग्नुअगाडि गाउँका केही युवाले रोकेपछि २०७९ साल वैशाख १२ गते सुरु भएको विवादमा पासवानमाथि चौधरीसहितका आरोपितहरुले कुटपिट गरी घाइते बनाएका थिए । घाइते पासवानको उपचारका क्रममा नोबेल अस्पताल विराटनगरमा वैशाख १४ गते मृत्यु भएको थियो । अन्य छजना आरोपित हालसम्म फरार छन् ।

खडक नगरपालिका-९ लालपट्टिका ६० वर्षीय बौला चौधरीको हत्या गरेको आरोपमा सोही ठाउँका २० वर्षीय उदयकान्त चौधरी पुर्पक्षका लागि कारागारमा थुनामा छन् । आरोपितले असार २९ गते गरेको आक्रमणबाट साउन १५ गते मृत्यु भएको भन्दै पीडित पक्षबाट इलाका प्रहरी कार्यालय कल्याणपुरमा उजुरी दर्ता भएको थियो । आरोपितको घरमा काम गर्ने पीडितलाई बसिरहेको ठाउँमा पछाडिबाट ढोकाको आग्लोले एक्कासि प्रहार गर्दा बौला घाइते भएका थिए ।

यसरी सबैजसो घटना डिप्रेसन, आर्थिक तथा पारिवारिक समस्या र मादक पदार्थ सेवनका कारण भएको देखिएको छ । समूहले गरेको हत्या घटनामा अर्कोमाथि हाबी हुने प्रवृत्ति र तत्कालको आवेग रहेको पाइएको प्रहरीले जनाएको छ । घटनाकै कुरा गर्दा पारिवारिक विवाद, डिप्रेसन, मानसिक समस्या, अनैतिक सम्बन्ध, सम्पत्ति, जग्गा विवाद र लेनदेन कारण हुने गरेको प्रहरी उपरीक्षक अविनारायण काफ्लेले बताए ।

चिकित्सक डा रणजितकुमार झा यस्ता घटना मानसिक परिस्थितिको उपज रहेको बताउछन् । विभिन्न कारणले मानिसमा आउने तनाव र आवेगले हत्या र आत्महत्या हुने गरेको डा झाको ठम्याइ छ । मनोविमर्शकर्ता कविता जयसवालले यस्ता घटना प्रायः मानसिक समस्याकै कारण हुने गरेको बताउछन् । "मानसिक तनावपछि केही नदेख्ने, केही नसोच्ने अवस्था हुन्छ, त्यस्ले आफू या अरूलाई नोक्सान गर्छ र त्यो हत्यासम्म पुग्छ", जयसवालले बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एवम् प्रहरी उपरीक्षक काफ्लेले आर्थिक लेनदेन, डिप्रेसन र आवेगका कारणले यस्ता घटना हुने गरेको बताए । यस्तो घटनाको कारण बुझ्न प्रहरीले घटनाहरूको अध्ययन गर्ने गरेको उनको भनाइ छ । हत्या घटना कम गर्न बेरोजगारी समस्या समाधान, सामाजिक सद्भाव र सकारात्मक सोचको विकास, लागूऔषध बिक्री वितरण र उत्पादनमा कडाइ, अभिभावकको निगरानी, कानुन कार्यान्वयनमा सबैको प्रतिबद्धता आवश्यक देखिन्छ ।रासस

## पुर्व कृषि मन्त्रीका सल्लाहकार......................................

तथा ऋण सहकारी संस्था भन्ने सहकारी संस्था संचालनमा रहेको छ । ती सहकारी संस्थाबाट बचतकर्ता कुलभोगिया देवीले जग्गा धितो राखि २५ लाख रुपैया ऋण लिएको थियो ।

ती ऋणीले ऋण वापतको ब्याज रकम सहित चुक्ता गरेको तीन वर्ष बितिसक्दा पनि जग्गा फिर्ता नगर्दा पिडीत पक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिएका थिए । सो उजुरीको आधारमा अनुसन्धानका लागि अध्यक्ष यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाको प्रवक्ता एवं डिएसपी प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् ।

उनले भने कुलभोगिया देवी भन्ने महिलाले आफूले लिएको ऋणको रकम चुक्ता गरेको तीन वर्ष बितिसक्दा पनि जग्गा फुकुवा नगरी लिलामीको अवस्थामा पुरयाएको आरोप सहित उजुरी दिएको थियो । अनुसन्धानमा आरोपित यादव दोषी देखिए ठगी मुद्दा दर्ता कारवाही प्रक्रिया अघि बढाइनेछ । 'प्रारम्भिक अनुसन्धानमा सहकारीमा आबद्ध बचतकर्ताको जग्गा फुकुवा नगरि यादवले करिब २५ लाख रुपैयाँ आफूसँगै राखेर लामो समयसम्म फिर्ता नगरेको अभियोग देखिएको छ,' डीएसपी क्षेत्रीले भने ।

यदुकोहाको सञ्चालित सो सहकारी संस्था अध्यक्ष यादवको श्रीमति विनिता यादवको अध्यक्षतामा दर्ता रहेको छ । जनकपुरधाम स्थित सहकारी संस्था उनको नाममा रहेको बुझिएको छ । शुरुमा यदुकोहामा आफ्नै नाममा अध्यक्ष यादवले सुनवर्षी बचत तथा ऋण सहकारी संस्था दर्ता गराएको थियो । पछि जनकपुरधाममा संचालन गर्दा त्यहाँको संस्थामा श्रीमति विनितालाई अध्यक्ष बनाई दिए र जनकपुरधामको संस्थामा आफै अध्यक्ष बने । अध्यक्ष यादवमाथि दर्जनौ बचतकर्ताबाट संकलित करोडौ रुपैया ठगी गरेको आरोप समेत रहेको छ । धनुषा स्थित सहकारी संस्थाहरुले बचतकर्ताको रकम अपचलन गर्दा पिडीतले उजुरी दिंदा पिडकलाई बचाउन यादवले मध्यस्थकर्ताको भूमिका समेत निर्वाह गर्दै आएका थिए । पछिल्लो पटक कयौं सहकारीको मुद्दामा यादवले प्रत्यक्ष रुपमा हस्तक्षेप गरी पिडक पक्षबाट रकम लिई फुत्काउने काम गर्दै आएको आरोप एक पिडीतले लगाएका छन । पछिल्लो पटक जनकपुरधामस्थित पिपुल्स विक्ली बचत तथा ऋण सहकारी संस्थाले बचतकर्ताहरुको करोडौ रुपैया अपचलन गरेपछि पिडीत बचतकर्ता तथा अभिकर्ताहरुलाई उजुरी नदिनु आफू मिलाइ दिन्छु, मुद्दामा गए बचत रकम फिर्ता नहुने भन्दै मुद्दा दिनबाट रोक्न धाक धम्की र प्रलोभन दिएपनि उनी सफल हुन सकेन । अन्ततः ती संस्थाका अध्यक्ष सहित तीन जना पक्राउ परे । हाल तिनीहरु पुर्पक्षका लागि जेल चलान भएपछि बचतकर्ताहरु बिचल्लीमा परेका छन् ।

राष्ट्रिय सहकारी बैंकबाट ऋण लिने सहकारी संस्थालाई बैंकको संचालक सदस्यको फाइदा उठाउँदै कमीशनको बार्गेनिङ्गमा ऋण उपलब्ध गराउँदै आएको आरोप समेत अध्यक्ष यादवमाथि रहेको छ । जिल्लामा संचालित ९० प्रतिशतभन्दा बढी बचत तथा ऋण सहकारी संस्था अवैध रुपमा कारोबार गर्दै आएका छन् । तिनीहरुको संरक्षकको रुपमा समेत अध्यक्ष यादवले भूमिका निर्वाह गर्दै आएको आरोप लाग्दै आएको छ । सहकारी ऐन तथा नियमावली अनुसार बचत तथा ऋण सहकारी संस्थाले तोकिएको पालिकामा आबद्ध समूह एवं शेयर सदस्यबीच मात्रै कारोबार गर्नुपर्ने हो । तर जिल्लामा संचालित बचत तथा ऋण सहकारी संस्था दर्ता भएका पालिकामा कारोबार नगरी जनकपुरधाममा गर्दै आएका छन् भने समूह वा शेयर सदस्य बाहेकको रकम बचत तथा ऋण लगानी गर्दै आएका छन् । नियमनकारी निकाय र विद्यमान कानून कार्यान्वयनको आभावले सहकारी संस्थाहरुले मापदण्ड विपरित अवैध रुपमा कारोबार गर्दै आएका छन् ।

## मन्त्रालय विभाजनमा जनमत पार्टीको असन्तुष्टि

काठमाडौँ, ३ माघ
जनमत पार्टीले मन्त्रालय भागबण्डामा असन्तुष्टि जनाउँदै खानेपानी मन्त्रीका रुपमा पदबहाली गर्न अस्वीकार गरेको छ ।

गत पुस ११ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा विनाविभागीय मन्त्रीका रुपमा जनमत पार्टीका तर्फबाट अब्दुल खानले सपथ लिएका थिए ।

हाम्रो पार्टीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय दाबी गरेको थियो, पार्टीका उपाध्यक्षसमेत रहेको खानले भने, सहमति विपरीत खानेपानी मन्त्रालयको जिम्मेवारी दिएपछि अस्वीकार गरिएको हो ।

सत्तारुढ गठबन्धनले आफ्नो पार्टी अध्यक्षसँग सल्लाह र छलफल नगरी मन्त्रालय परिवर्तन गरिनु राम्रो नभएको र यसले मधेस क्षेत्रलाई नै बेवास्ता गरेको अनुभव भएपछि खानेपानी मन्त्रीका रुपमा पदबहाली नगरेको उनले स्पष्ट पारे ।

उपाध्यक्ष खानले मन्त्रालय फेरिएकाबारे सर्वदलीय बैठकमा कुरा उठाउने र जिम्मेवारी लिने वा नलिनेबारे पार्टीले निर्णय गर्ने बताए ।

## ट्रकको ठक्करबाट मृत्यु

मधेशदृष्टि
गोलबजार, ३ माघ
सिरहाको धनगढीमाईमा आजविहान कोइला बोकेको भारतीय ट्रकले मोटरसाइकलाई ठक्कर दिँदा मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ । धनगढी-बडियार पट्टी भित्री सडकअन्तर्गत धनगढीमाई नगरपालिका- ५ गोठचोक नजिक दक्षिणबाट उत्तर आइरहेको प्रदेश२-०१०६प ५२९७ नंको मोटरसाइकललाई विपरीत दिशाबाट आइरहेको डव्यूवी६५वी ७४३९ नंको ट्रकको ठक्करबाट सिरहाकै सुखीपुर नगरपालिका-८ का अन्दाजी ६५ वर्षीय राजेन्द्र साहको मृत्यु भएको हो ।

ट्रकको ठक्करबाट सख्त घाइते साहलाई स्थानीय स्वास्थ्य केन्द्रमा उपचारका लागि पुऱ्याए पनि उनको तत्काल मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता सुवास बुढाथोकीले जानकारी दिनुभयो । ठक्कर दिने ट्रक र चालक प्रहरी नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । साह सिरहाको गोलबजारस्थित जयगोविन्द साह पोलिटेक्निकल इन्स्च्युटका प्रिन्सिपल तथा बाली विशेषज्ञ हुन् ।

बिदाको दिन भए पनि इन्स्च्युटकै कामले गोलबजार आउँदै गर्दा दुर्घटना भएको इन्स्च्युटका सञ्चालक समिति सदस्य बासना मोक्तानले जानकारी दिए ।

शव परीक्षणका लागि प्रादेशिक अस्पताल लहानमा राखिएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## ५ हजार टनभन्दा ......................

सय १० र त्यसअघि मौज्दात ९ सय ९५ गरी ३ हजार ५ सय ५ टन युरिया मल मौज्दात रहेको कृषि सामग्री कम्पनीका वीरगन्ज प्रादेशिक कार्यालयका सूचना अधिकृत आलोक कुमारले जानकारी दिए ।

कम्पनीको केन्द्रीय कार्यालयबाट मल परिचालनको पत्र आउनासाथ वितरण प्रक्रिया अगाडी बढाईने आलोक कुमारले बताए । किसानलाई गहुँबालीका लागि युरिया र उखुबालीका लागि डीएपी मलको आवश्यकता रहेको आलोक कुमारले जानकारी दिए । कृषि सामाग्री कम्पनि लिमिडेट कार्यालय बीरगंजमा अहिले ५ सय ६५ टन डीएपी मल मौज्दात रहेको छ ।

## विद्युत-जन्य फोहोर : समस्या..............................

सुरक्षित स्थानको राम्रो व्यवस्था हुनु पर्दछ ।

सार संक्षेप अहिलेको परिस्थितिमा ई-उपकारणहरुको कुनै बिकल्प नरहेको र यसबाट जन्मिने समस्या ई-वेष्टहरूको ब्यबस्थापन कठिइनाइले सम्पूर्ण विश्व नै आक्रन्त भैरहेको अवस्थामा यसको सही व्यवस्थापन सबैको जिम्मेवारी हुन पुग्छ ।

त्यसैले माथी उलेखित सात नियमहरु हरएक ब्यक्तिहरुले, हरएक समुदायहरुले, व्यबस्थापकहरुले, उत्पादकहरुले तथा उपभोक्तहरुले जिम्मेवार हुँदै पालना गर्नं नै अपरिहार्य हो । त्यसमा नेपालको परिपेक्षमा भने सरकारी निति-नियम बनाएर जारी गर्नं नितान्त आवश्यक हुन्छ । मुलुकमा बढ्छो ई-उपकारणहरु भित्रिने क्रमलाई रोकेर, प्रविधिको बिकास, स्वदेश भित्र गर्ने कृयाकलाप, स्वदेशी श्रोत बाटैगर्ने कुरामा बढावा दिने र ई-वेष्टलाई श्रोतको ?पमा प्रसोधन गर्ने कार्यमा समाज अगडि बढ्दा नेपाल पनि एउटा उदाहरणिय देश बन्ने कुरामा अत्युक्ती हुने छैन तर समय मै भबिष्य प्रति सजग भई काम गर्दै जानु जरुरी छ । (लेखक : त्रिभुवन विश्वविद्यालयका सहायक प्राध्यापक हुन् । उनी त्रिचन्द्र कलेजमा रसायन शास्त्र अध्यापन गर्छिन । यो लेख हा( मीले नास्टको प्रकाशन विज्ञा लेखमालाबाट साभार लिएका हौं ।)

# क्यालिफोर्नियामा वर्षा र आँधी जारी, जनजिवन प्रभावित

लस एन्जलस, ३ माघ

अमेरिकाको क्यालिफोर्निया राज्यमा केही दिनदेखि आँधी र हिमपात जारी रहेको बताइएको छ।सोमबार पनि यहाँ थप वर्षा र हिमपात भएको छ। सो हिमपातका कारण यहाँका लाखौँ नागरिक प्रभावित भएका छन् ।क्यालिफोर्नियामा आँधीले ठूलो जनधनको क्षति गरेको छ। बाढीका कारण यहाँका धेरै घर भत्किएका यहाँका विपद् व्यवस्थापन अधिकारीहरुले जानकारी दिएका छन्।



उनीहरुका अनुसार यस प्राकृतिक प्रकोपमा हालसम्म १९ जनाको ज्यान गएको छ भने धेरै मानिस घरबारविहीन भएका छन्। स्थानीय प्रशासनले उद्धारका लागि अभियान चलाएको छ तर निरन्तरको आँधीका कारण नागरिकहरुको उद्धार हुन सकिरहेको छैन ।यहाँको राष्ट्रिय मौसम सेवाले आगामी दिनमा क्यालिफोर्निया र प्यासिफिक उत्तरपश्चिमी क्षेत्रमा थप आँधी आउन सक्ने र यसबाट ठूलो विनाश निम्त्याउन सक्ने अनुमान पनि गरेको छ । यहाँको स्थानीय सलिनास नदीमा पानीको सतह खतराको तहमा पुगेको बताइएको छ । नदीमा देखिएको खतरापछि यहाँका उद्धारकर्मीहरुले हजारौँ मानिसलाई सुरक्षित स्थानमा सारिएको बताएका छन् ।क्यालिफोर्नियाका स्थानीय सञ्चारमाध्यमका अनुसार क्यालिफोर्नियामा आएको बाढीले गत हप्तामा मात्र दुई लाख भन्दा बढी घर र व्यवसायहरूले बिजुली कटौतीको सामना गरेका छन् । यहाँ हप्ता दिनभन्दा लामो समयदेखि नै निरन्तरको वर्षाका कारण बाढी र पहिरो समेत आएको छ। यसका कारण यहाँका नागरिकले आधारभूत आवश्यकताको पनि जोहो गर्न नसकेको बताइएको छ । अधिकारीहरुले खराब मौसमका कारण बाढी र पहिरोको पनि समस्या देखिएको बताएका छन्। जसका कारण सवारी आवागमन पूर्णरुपमा अवरुद्ध भएको छ । यहाँका खेती लगाइएका खेतहरु तथा सडकहरू पनि डुबानमा परेका छन्। रासस/सिन्हवा

# आपतकालिन अवस्थामा पनि लिमामा नयाँ र्‍याली



लिमा, ३ माघ

पाँच साताको घातक अशान्तिपछि हजारौं प्रदर्शनकारीहरू सोमबार राजधानीतिर लागेपछि पेरुका राष्ट्रपति डिना बोलुआर्टेविरुद्ध नयाँ र्‍याली शुरु भएको छ । व्यवस्था कायम गर्न आपतकालीन अवस्था घोषणा गरिएपनि अधिकारीहरूलाई दबाब कायम राख्न देशभरका प्रदर्शनकारीहरू सप्ताहन्तदेखि लिमातर्फ लागेका छन्।

पेरूमा नयाँ निर्वाचन र राष्ट्रपति बोलुआर्टेको राजीनामाको माग गर्दै पाँच सातादेखि जारी झडपमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ। राजधानी लिमा र अन्य तीन क्षेत्रमा आइतबार आपतकालीन अवस्था घोषणा गरिएको छ । राष्ट्रपति डिना बोलुआर्टेको विरोधमा हप्तौंदेखि जारी प्रदर्शन कम हुने कुनै सङ्केत देखिएको छैन । राष्ट्रपति नयाँ निर्वाचन र बोलुआर्टेको राजीनामाको माग गर्दै भएका प्रदर्शनका क्रममा भएका झडपमा कम्तीमा ४२ जनाको मृत्यु भएको पुष्टि पेरूका मानव अधिकार आयुक्तले गर्नुभएको छ । गत डिसेम्बर ७ मा पेड्रो क्यास्टिलोलाई महाभियोगबाट पदच्युत गरी पक्राउ गरेपछि बोलुआर्टेले दक्षिण अमेरिकी यो देशको पहिलो महिला राष्ट्रपतिको रूपमा पदभार ग्रहण गर्नुभएको थियो । वामपन्थी पूर्व ग्रामीण विद्यालयका शिक्षक तथा युनियनका नेता क्यास्टिलोले आफ्नो १८ महिनाको कार्यकालमा संसदमा चर्को विरोधको सामना गर्नुपरेको थियो भने उहाँविरूद्ध भ्रष्टाचारको आरोपबारे थुप्रै आपराधिक अनुसन्धानहरू शुरू भएका छन्।

सरकारले लिमा, कुस्को, कालाओ र पुनो क्षेत्रमा शनिबार मध्यरातदेखि ३० दिनका लागि सङ्कटकालीन अवस्था थप गरेको छ । सङ्कटकालको घोषणाले आवागमन र भेला हुने स्वतन्त्रता जस्ता संवैधानिक अधिकारलाई पनि निलम्बन गरेको राजपत्रमा प्रकाशित आदेशमा उल्लेख छ। रासस/एएफपी

# एम्बुलेन्स दुर्घटनामा ६ जना मारिए

ढाका, ३ माघ

बिरामी बोकेर राजधानी ढाकातर्फ आइरहेको एम्बुलेन्स शरियतपुर जिल्लामा आज बिहान ट्रकसँग ठोक्किएर दुर्घटना हुँदा चालकसहित छ जनाको ज्यान गएको छ । विपरीत दिशाबाट प्राकृतिक ग्यास बोकेर आएको ट्रकमा ठोक्किएर उक्त दुर्घटना भएको उद्धारकर्मीले बताएका छन् । एम्बुलेन्समा सवार सबै छ जनाको घटनास्थलमा नै मृत्यु भएको हो ।

बाक्लो हुस्सुका कारण दुर्घटना भएको अनुमान गरिएको छ । एम्बुलेन्सबाट शव निकाल्न उनीहरूले जनाएका छन् ।

साँघुरा राजमार्ग, उपयुक्त ढङ्गले नियमितरूपमा मर्मतसम्भार नगरिएका सवारी साधन, अदक्ष चालक, सवारी ज्ञानको अभाव तथा ट्राफिक नियमको पूर्ण परिपालना नहुँदा तथा नियामक निकाय ट्राफिक विभागको फितलो अनुगमनका कारण बङ्गलादेशमा सडक दुर्घटना अधिक हुने गरेका छन्। बङ्गलादेश प्यासेन्जर वेलफेयर एसोसिएसन नामक स्थानीय संस्थाको पछिल्लो प्रतिवेदनअनुसार सन् २०२२ मा देशभर सात हजार छ सय १७ सडक, रेल र जलमार्ग दुर्घटनामा १० हजार आठ सय ५८ जनाको मृत्यु भएको छ भने १२ हजार आठ सय ७५ जना घाइते भएका छन्। (रासस /सिन्ह्वा)



घण्टौँ लागेको उद्धारकर्मीले बताएका छन्। बिरामी र निजका तीन जना सहयोगी तथा चालक र सहचालक दुर्घटनामा मारिएका

# बेइजिङले अन्तर्राष्ट्रिय उडान बढायो



बेइजिङ, ३ माघ

कोभिड महामारी रोकथाम तथा नियन्त्रणका निम्ति प्रायः बन्द रहेका अन्तर्राष्ट्रिय उडान आजदेखि पुनः सञ्चालन भएका छन् । बन्द गरिएको बेइजिङ ड्याक्सिङ अन्तर्राष्ट्रिय विमानस्थलसँगै बेइजिङ क्यापिटल अन्तर्राष्ट्रिय विमानस्थल पनि सञ्चालनमा आएको छ।

कोभिडका कारण करिब छ महिना सञ्चालन गरेर बन्द गरिएको नयाँ बेइजिङ ड्याक्सिङ अन्तर्राष्ट्रिय विमानस्थलको सट्टा पुरानै बेइजिङ क्यापिटल अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालन गरिएको थियो । आज बिहान नयाँ विमानस्थलबाट सिजेड् ३०९ कल साइन भएको विमान एक सयभन्दा बढी यात्री बोकेर हङकङका निम्ति उडेको छ। तीन वर्षसम्म हङकङ फर्कन नपाएका एक यात्री पनि उक्त उडानमा छन् । मंगलवारदेखि चाइना साउदर्न एयरलाइन्स, चाइना इस्टर्न एयरलाइन्स, क्यापिटल एयरलाइन्स, हिमालय एयरलाइन्सलगायतका धेरै वायुसेवा कम्पनीले ड्याक्सिङ विमानस्थलबाट अन्तर्राष्ट्रिय विमानस्थलबाट सेवा पुनःप्रारम्भ गरेका छन्। उक्त विमानस्थलले पर्यटन र व्यापारीक गतिविधिलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय उडान ट्रान्जिट सेवा र बेइजिङ-टियानजिन-हेबेई क्षेत्रमा एक सय ४४ ट्रान्जिट भिसामुक्त नीति पुनः कार्यान्वयन गरेको छ।

यसैबीच चीनले कोभिड प्रतिकार्यका निम्ति आर्थिक अभाव हुन नदिने गरी आवश्यक व्यवस्था गरेको छ । कोरोनाको नयाँ चरणमा स्वास्थ्यको हेरचाह र गम्भीर प्रकृतिका बिरामीलाई सघाउन कोषको सुनिश्चिता गरिएको जनाएको छ। अर्थ मन्त्रालयले उपचार अनुदान, स्वास्थ्यकर्मीको अस्थायी भत्ता, खोप र चिकित्सा क्षमता अभिवृद्धिमा रकम निकासा हुने बताएको छ । काउन्टीस्तरका अस्पतालमा कोभिडका कारण गम्भीररूपमा बिरामी परेकाको उपचार, ग्रामीण क्षेत्रमा आपत्कालीन उपचारमा विनियोजित रकम खर्च गरिनेछ । मन्त्रालयका अनुसार सम्बन्धित जनस्वास्थ्य परियोजनाका लागि रकम जुटाउन ऋणपत्र जारी गर्न स्थानीय सरकारलाई सहयोग गरिनेछ। (रासस/ सिन्ह्वा)

# यमनको अर्थतन्त्रमा सहयोग गर्न संयुक्त राष्ट्रसङ्घको आग्रह

संयुक्त राष्ट्रसङ्घ , ३ माघ



संयुक्त राष्ट्रसङ्घले यमनको अर्थतन्त्रमा सहयोग पुऱ्याउन सबै विदेशी दाता तथा राष्ट्रहरुसँग आग्रह गरेको छ।संयुक्त राष्ट्रसङ्घीय सहायता सम्बन्धी संयोजक तथा संयुक्त राष्ट्रसङ्घका उपमहासचिव मार्टिन ग्रिफिथले सो आग्रह गरेका हुन।

उनले सोमबार विश्वका देशहरुलाई सो आग्रह गरेको समाचारमा जनाइएको छ। उनले भने - म विश्व समुदायलाई हाल यमनको अर्थतन्त्रको प्रवर्द्धनका लागि गरिरहेको सहयोगमा कम्तीमा पनि दोब्बर गर्नका लागि आग्रह गर्दछु । युद्धग्रस्त यस देशको अर्थतन्त्र प्रतिदिन निकै कमजोर हुदै गएकाले यसका लागि सहयोग गर्न उनले सो आग्रह गरेका हुन। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदको सोमबारको बैठकमा उनले सो आग्रह गरेको बताएका छन । यस सन् २०२३ यमनका लागि निकै कठिन वर्ष हुन सक्ने खतरा रहेको पनि उनले बताएका छन। यहाँको अर्थतन्त्र कमजोर हुदै गएकाले यो वर्ष यमनका लागि खतरा हुनसक्ने उनको भनाई छ।

यहाँ मानवीय सहायताको खाँचो झन् बढ्दै गएको देखिएको र सन् २०२३ मा मात्र २ करोड १६ लाख नागरिकलाई यसको खाँचो पर्न जाने पनि उहाँले बताएका थिए। (रासस/सिन्ह्वा)

# आफन्तको शव पहिचान गर्न युपीका चार जना नेपाल प्रस्थान



गाजीपुर (उत्तर प्रदेश),

नेपालमा गत आइतबार भएको विमान दुर्घटनामा ज्यान गुमाएका उत्तर प्रदेश (युपी) राज्यको गाजीपुरका यात्रीको शव पहिचान गर्न मृतकका आफन्त छिमेकी देशतर्फ प्रस्थान गरेका छन्।

नेपालमा विमान दुर्घटनामा मृत्यु भएका उत्तर प्रदेशको गाजीपुरका चार जना पुरुष आफन्तीको शव पहिचान गर्न सोमबार नेपालतर्फ प्रस्थान गरेका जिल्ला प्रशासन कार्यालयका एक अधिकारीले बताए । "म अनिल राजभरको बुबा हुँ, जिल्ला प्रशासनले हामीलाई नेपाल लैजाँदैछ, शव पहिचान गर्न डिएनए परीक्षण गरिने छ," रामदर्शन राजभरले भने । मध्य नेपालको पर्यटकीय शहर पोखरामा पाँच जना भारतीयसहित ७२ यात्रु बोकेको यति एयरलाइन्सको यात्रुवाहक विमान खोलामा खस्दा कम्तीमा ७० जनाको मृत्यु भएको थियो।

दुर्घटनाग्रस्त विमानको फ्लाइट डेटा रेकर्डर र ब्ल्याक बक्स नेपाली सेनाले नागरिक उड्डयन प्राधिकरणका अधिकारीलाई हस्तान्तरण गरिसकेको छ । दुर्घटनास्थलबाट हालसम्म ६९ जनाको शव निकालिएको छ। दुई इन्जिन भएको एटीआर ७२ विमान हालै सञ्चालनमा आएको पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण हुनु केही मिनेटअघि दुर्घटना भएको थियो । पहिचान भएका शवको शल्यपरीक्षण गरिएको छ भने विदेशी र पहिचान हुन नसकेकालाई काठमाडौँ पठाइएको छ। यति एयरलाइन्सले दुर्घटनामा ज्यान गुमाएकाप्रति शोक व्यक्त गर्दै सोमबारको नियमित उडान रद्द गरेको थियो भने नेपाल सरकारले राष्ट्रिय शोक घोषणा गरेको थियो। (रासस/ एएनआई)

# बल्ल शून्यमा झऱ्यो दिल्लीमा कोभिड-१९

नयाँदिल्ली, ३ माघ

पछिल्लो २४ घण्टामा राष्ट्रिय राजधानीमा कोभिड-१९ का कुनै नयाँ बिरामी अभिलेख भएको छैन । सन् २०२० को मार्चमा महामारी शुरु भएदेखि यहाँ सङ्क्रमण शून्यमा झरेको पहिलो पटक हो।

दिल्ली स्वास्थ्य विभागले जारी गरेको स्वास्थय बुलेटिनअनुसार कोभिड-१९ पाजेटिभ दर ०.०० प्रतिशत रहेको तथा बितेका २४ घण्टामा सङ्क्रमित नभेटिए पनि शहरमा सक्रिय बिरामी १० जना छन् । सोही अवधिमा नौ जना कोभिडका बिरामी स्वास्थ्य लाभ गरेर घर फर्केका तथा देशभर उक्त संख्या १९ लाख ८० हजार सात सय ८१ पुगेको छ। चार करोड छ लाख ५० हजार एक सय १९ जनाले परीक्षण गराएका छन्।

देशभर जारी खोप अभियान प्रभावकरी रहेको जनाउँदै विभागले १५ जनालाई पहिलो डोज, ३२ जनालाई दोस्रो र १०३ जनालाई सावधानीको डोज लगाइएको छ । हालसम्म तीन करोड ७३ लाख ७० हजार छ सय ६३६ जनाले खोप लगाइसकेका छन् । नयाँदिल्लीमा फैलिएका कोभिडका तीन लहरमध्ये सन् २०२१ को अप्रिल-मेको दोस्रो लहर सबैभन्दा घातक थियो । (रासस/ एएनआई)



# रियल मड्रिडमा खतराको घन्टी

३ माघ, काठमाडौं । सन् २०१० यता फाइनलमा कार्लो एन्सेलोटीको पहिलो हारले ला लिगा तथा च्याम्पियन्स लिगको साविक विजेता रियल मड्रिडका लागि एक निराशाजनक क्षणको सुरुवाततर्फ संकेत गर्नेछ।



यो क्षण यस्तो समयमा आएको छ कि चीर प्रतिद्वन्द्वी बार्सिलोनाका प्रशिक्षक जाभी हर्नान्डेजले पहिलो आधिकारिक उपाधि उचालेका छन् । स्पेनिस सुपर कपमा रियलले बार्सिलोनासँग ३-१ को हार ब्यहोरेको हो।

साउदी अरबको रियादमा रियलको कमजोरीहरु उदांगियो । उनीहरु भ्यालेन्सियालाई पेनाल्टीमा हराएर फाइनलमा पुग्न नै संघर्षरत थिए । बार्सिलोनासँग त उनीहरु ९० मिनेटको खेलका दौरान प्रतिक्रियाविहीन थिए ।बच्चाजस्तो गल्ती र आक्रामकतामा कमी र यहाँसम्म कि पहिलो हाफमा रियलका खेलाडीहरु अरुचीपूर्ण व्यवहार गरिरहेका थिए। टिमभित्रै एकअर्काबीच तिरस्कारपूर्ण इशारासमेत देखिए । जबकि सुपर कप एक सामान्य उपाधि हो । रियलको हार खासगरी बार्सिलोनासँग हुन्छ भने टिमको मनोवलका लागि एक ठूलो झड्का रहँदै आएको छ। ला लिगामा भिल्लारियलसँग हारेपछि केहि सन्देहका साथ रियल टिम रियाद पुगेको थियो। भ्यालेन्सियासँगको सेमिफाइनल प्रदर्शनबाट नै ती सन्देह पुष्टि हुन थालेको हो । फाइनलका दौरान भएका गल्तीहरुले स्टाडियो सान्टियागो बर्नबेउमा खतराको घन्टी बजाएको छ । एन्सेलोटीले आफ्नो टिमले हालैका खेलहरुमा लगातार रक्षात्मक गल्ती गरेकोबारे चेतावनी दिइसकेका छन् । तर, उनका खेलाडीहरु अवस्था सुधार्न सक्षम देखिएनन् । तीनै गोलमा एकाग्रताको कमी, गलत पास र रक्षापंक्तिमा सामान्य गल्तीहरुको असामान्य शृखंलाको असर थियो । करिम बेन्जेमाको सान्त्वना गोल पनि रियल मड्रिडका समर्थकलाई खुसी बनाउन पर्याप्त थिएन । जव खेलको अन्तिम सिठ्ठी बज्यो त्यसपछि सबैको अनुहारको भावबाट प्रष्ट हुन्थ्यो। इटालियन प्रशिक्षक एन्सेलोटी फुटबललाई नतिजासँग मात्र हेर्नुपर्ने बताउँछन् । र, उनको टिमको वर्तमान परिणाम वास्तवमै राम्रो छैन।

खराव परिणामहरुको शृंखला अन्त्य गर्नका लागि आगामी विहीबार कोपा डेल रेमा भिल्लारियलसँगको खेलले अधिक महत्व राख्नेछ।

त्यतिबेलासम्मका लागि रियलले आफ्नो आत्मविश्वास फिर्ता ल्याउन प्रयास गर्नुपर्नेछ । त्यस खेलमा प्रतिकुल नतिजा आएको खण्डमा रियलको खराव समयको सुरुवात भएको मानिनेछ।

# बाराकी ज्वाला बनिन् कृषि तथा पशुपंक्षी विकास मन्त्री



मधेशदृष्टि
बीरगंज ३ माघ। बारा क्षेत्र नम्बर ३ कि प्रतिनिधि सभा सदस्य ज्वाला कुमारी साहले संघिय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रीको जिम्मेवारी पाएकी छन।

पुस ११ गते नै प्रधानमन्त्री पुष्प कमल दाहाल नेतृत्वको सरकारमा विना विभागीय मन्त्री नियुक्त भएकी साहलाई मंगलवार मन्त्री मण्डल विस्तार गरिए संगै कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको जिम्मेवारी दिइएको हो। योसंगै ४१ वर्षिया साह , तेश्रो पटक मन्त्री बन्न सफल भएकी छन।

यसअघि केपी ओली नेतृत्वको सरकारमा २०७८ जेठमा साह केही दिनका लागि कृषि मन्त्री बनेकी थिइन् भने २०६७ सालमा पनि उनी राज्यमन्त्री बनेका थिए । माओवादी पृष्ठभूमिकी साहले २०७७ मा एमाले रोजेकी हुन।

उनी २०७४ को निर्वाचनमा बाराबाट मधेस प्रदेशको सांसद बनेकी थिए। २०७० मा भने साह पराजित भए।

गत मंसिर ४ को निर्वाचनमा उनी बारा ३ बाट एमालेका तर्फबाट उम्मेदवार बनेर प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएकी हुन। माओवादीबाट राजनिती शुरु गरे पनि उनको पारिवारिक पृष्ठभूमि भने एमाले नै हो। ज्वाला साहका बुवा खेदु साह कानु र आमा श्रीपती देवी साह कानु एमालेको राजनीतिमा सक्रिय थिए।

२०३८ सालमा किसान आन्दोलनका क्रममा वीरगन्जमा जेल पर्दा ज्वाला आमाको गर्भमा रहेको र बुवा जेलमै रहेको बेलामा उनको जन्म भएको थियो। त्यहीबेला उनको नाम बुवाले ज्वाला कुमारी राखिदिएको पारिवारिक श्रोतले जनाएको छ।

### पदभार ग्रहण लगतै दुई निर्णय

साहले मंगलवार नै पदभार ग्रहण गरेकी छिन्। पदभार सम्हालेपछि उनले कृषि तथा पशु बीमाको अनुदान कार्यक्रमको अभिलेख राख्ने, कृषि उत्पादन र लगानी दशकसम्बन्धी दुई वटा निर्णय गरिन्।

मन्त्रीको पहिलो निर्णयअनुसार कृषि तथा पशुपन्छी बीमामा प्रिमियम अनुदान कार्यक्रमलाई डिजिटलाइज्ड गर्न प्रत्यक्ष हेरिने सफ्टवेयर मार्फत बिमा गर्ने कृषकहरुको विवरण राख्ने कामको थालनी हुनेछ।

यस्तै आगामी दशक २०८०/८१ देखि २०८९/९० लाई कृषि उत्पादन तथा लगानी दशक अभियानका रुपमा मनाउन सैद्धान्तिक सहमतिका लागि मन्त्रिपरिषद्मा पेश गर्न अर्थ मन्त्रालयको सहमतिका लागि पेश गर्ने निर्णय पनि कृषिमन्त्री साहले गरेकी छिन्।

# मधेश प्रदेश सभाको उपसभामुखमा बबिता निर्वाचित

मधेशदृष्टि
जनकपुरधाम, ३ माघ । मधेस प्रदेशको उपसभामुखमा सत्तारुढ गठबन्धनकबाट जनमत पार्टीकी बबिताकुमारी राउत ईशर निर्वाचित भएकी छन् ।समानुपातिक प्रणालीबाट चयन प्रदेशसभा सदस्य भएकी ईशर मंगलबार भएको मत विभाजनबाट उपसभामुखमा निर्वाचित भएकी हुन् । मधेस प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम ९ र ७ को उपनियम ४ बमोजिम उपसभामुख चयन गरिएको हो।

नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले जनमत पार्टीकी समानुपातिका सांसद राउतलाई उपसभामुखमा निर्वाचित गरियोस् भनेर प्रदेशसभामा पेश गरेको प्रस्तावको पक्षमा ७२ मतले उनी उपसभामुखमा चयन भएकी हुन् । प्रस्तावको विपक्षमा २९ मत खसेको थियो । उपसभामुखको निर्वाचनमा १०१ जना सांसद उपस्थित भएका थिए। राउतलाई नेकपा एमालेका २३, जसपाका १६, जनमतका १३, लोसपाका ९, माओवादी केन्द्रका ७, नागरिक उन्मुक्ति पार्टीका १, नेपाल संघीय समाजवादी पार्टीका १, राप्रपाका १ र ५ जना स्वतन्त्र प्रदेशसभा सदस्यले मतदान गरेका हुन्।

यसअघि कांग्रेसको समर्थन प्राप्त गर्दै उपसभामुखमा उम्मेदवारी दिएकी नेकपा (एकीकृत समाजवादी) पार्टीकी प्रदेशसभा सदस्य बेची



लुंगेलीलाई प्रदेशसभा सदस्य रतनेश्वर गोईत यादवले निर्वाचित गरियोस् भन्ने पेश गरेको प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो। यसअघि मंगलबार दिउँसो बसेको प्रदेशसभाको बैठकले सभामुखमा नेकपा एमालेका रामचन्द्र मण्डललाई निर्वाचित भएको थियो।

# सत्तारुढ दलले मधेश केन्द्रितलाई गरे बेवास्ता

मधेशदृष्टि
काठमाडौ, ३ माघ। सत्तारुढ गठबन्धनले मधेसकेन्द्रीत दललाई महत्व नदिएको देखिएको छ । मन्त्रिमण्डल विस्तारमा प्रचण्ड नेतृत्वको सरकारले बेवास्ता गरेको छ।

सुरुदेखि सरकार गठनमा सक्रिय रहेका उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) र प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) लाई सरकारभन्दा बाहिर राखिएको छ।

यी दुवै दल सरकारमा सहभागी हुने पार्टीबाट आधिकारिक निर्णय गरेपनि प्रमुख सत्ता साझेदार दल माओवादी केन्द्र र एमालेले महत्व नदिएको गुनासो सो पार्टीका नेताहरुले गर्न थालेका छन् । जसपाका अध्यक्ष उपेन्द्र यादवले भागबण्डामा जसपालाई सम्मानजनक ठाउँ नदिएको कारण सरकारमा सहभागी नभएको बताएका छन्।

प्रधानमन्त्री प्रचण्डले जसपासँग भागबण्डाको विषयमा छलफल नगरेको दावी गर्दै उनले सम्मानजनक अवस्था सिर्जना नभएसम्म सरकारमा सहभागी नहुने बताए । जसपाका प्रचार विभाग प्रमुख पूर्णबहादुर बस्नेतले आफ्नो पार्टीबाट सरकारले समर्थन तथा विश्वासको मत लिएको तर जिम्मेवारी बाँडफाँटमा आफ्नो दलसँग बेइमानी गरेको बताए।

यो सरकार गठन गर्न जसपाले सुरुदेखि भूमिका खेल्यो तर सरकारको नेतृत्वमा रहेको मुख्य दलले सरकारबाट बाहिर राख्न षड्यन्त्र गरेको उनको आरोप छ। लोसपा पनि सरकारमा सहभागी हुने तयारी अवस्थामा थियो तर सत्ता साझेदार प्रमुख दलले कुनै सोधखोजै गरेनन्। लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारीले सरकारमा जाने विषयमा सत्ताधारी दल र आफूहरुको बीचमा कुनै संवाद नभएको कारण सरकारमा सहभागी नभएको बताए।

त्यत्तिकै सरकारमा जाने कुरा हुँदैन, दुईतर्फी वार्ता, छलफल हुनुपर्छ, अनि मात्र सरकारमा जाने नजाने विषयमा सोच्न सकिन्छ । तर, उताबाट कुनै खोजखबरै नभएपछि सरकारमा जाने कुरै नहुने भण्डारीले बताए।

केही दिन पहिले एमाले अध्यक्ष केपी शर्मा ओलीले लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई बोलाएर सरकारको विषयमा छलफल गरेका थिए । सरकारमा जान लोसपा अध्यक्ष ठाकुर सहमत भएका थिए तर कुन र कतिवटा मन्त्रालय दिने त्यस विषयमा कुनै छलफल भएको थिएन।

सोमबार मन्त्रालय बाँडफाँट हुँदा लोसपाको भागमा मन्त्रालय छुट्याउलान् भनी अपेक्षा लोसपाले गरेको थियो तर सत्ता साझेदार मुख्य दलले त्यसको बारेमा कुनै महत्व दिएनन्। लोसपाका नेता डा.सुरेन्द्र झाले वर्तमान सरकारले मधेसकेन्द्रीत दललाई सरकारमा लिन नचाहेको कुरा प्रष्ट देखिएको बताए।

अपमानजनक तरिकाले सरकारमा जान नहुने बताउँदै उनले मधेसकेन्द्रीत दललाई सरकारमा लिन चाहेको भए वार्ता र संवाद आवश्यक रहेको धारणा राखे । तर, मधेसकेन्द्रीत दलहरुलाई सोधखोज पनि नगरिएको उनको भनाइ छ। यो घटनाले मधेसकेन्द्रीत सबै दललाई एक ठाउँमा आउने अवसर दिएको पनि उनले धारणा राखे।

सीके राउत नेतृत्वको जनमत पार्टीले सुरुमै एकजना मन्त्री सरकारमा पठाइसकेको छ। सो पार्टीलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय दिने सहमति थियो । तर अहिले खानेपानी मन्त्रालय दिइएको छ । मन्त्रालयमा चित्त नबुझेर अब्दुल खान मंगलबार शपथका साथै मन्त्रालयमा समेत गएनन्। जबकि जनमत पार्टीले खान उद्योग मन्त्री रहेको भनी प्रचार पनि गरेको थियो।

जनमत पार्टीका उपाध्यक्ष तथा प्रवक्ता समेत रहेका मन्त्री खानले वर्तमान सरकारले मधेसीलाई अपमान गरेको आरोप लगाए। उनले भने, 'मधेसी शक्तिलाई सरकार बाहिर राख्ने षड्यन्त्र भएको छ।' सरकारको नेतृत्व गरेको दलले जनमत पार्टीलाई उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय दिनेमा सहमति जनाएको थियो। तर आज जिम्मेवारी दिने समयमा खानेपानी मन्त्रालयलाई दिएर आफूहरुसँग धोका भएको उनको भनाइ छ। सरकारको यो निर्णय त्रुटीपूर्ण भएको भन्दै उनले गल्ती नसच्याएसम्म पदभार नसम्हाल्ने उनले बताए।

# ५७ जना हतियारसहित पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, ३ माघ । मधेश प्रदेशको विभिन्न जिल्लाबाट प्रहरीले दुई वर्षको अवधिमा करिब पाँच दर्जन व्यक्तिलाई हतियारसहित नियन्त्रणमा लिएको छ।

प्रदेश प्रहरी कार्यालय जनकपुरधामले दिएको जानकारी अनुसार चालु आर्थिक वर्ष २०७९/०८० को पुस महिनासम्ममा ८ वटा हतियार नियन्त्रणमा लिएको छ भने, गत आर्थिक वर्ष २०७८/०७९मा ४९ वटा हतियारसहित व्यक्तिलाई समेत प्रकाउ गरेको थियो।

नियन्त्रणमा लिइएको ५७ वटा हतियारमध्ये ४४ वटा कटुवा, पेस्तल लगायतका साना हतियार रहेको छ भने १३ वटा ठूलो हतियार नियन्त्रणमा लिइएको प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी सुमन तिमल्सिनाले बताए।

सूरक्षाको दृष्टिकोणले प्रदेशको अत्ति संवेदनशील मानिएको जिल्ला बाराबाट सबभन्दा बढी सानो ठूलो गरी १६ वटा हतियार प्रहरीले नियन्त्रणमा लिएको छ भने सोही अवधिमा सबभन्दा कम महोत्तरी र सप्तरी जिल्लाबाट दुई/दुई जनालाई हतियारसहित नियन्त्रणमा लिएको प्रवक्ता तिमल्सिनाले जानकारी दिए।

प्रहरीले धनुषाबाट १०,सर्लाहीबाट ८, रौतहटबाट ८ तथा पर्साबाट ८ जनालाई हतियार सहित नियन्त्रणमा लिएको जनाइएको छ। हतियारसहित पक्राउ पर्नेहरुमाथि हातहतियार खरखजाना अन्तर्गत मुद्दा दर्ता गरी कारवाही अगाडि बढाइएको छ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायव उपरिक्षक एवम प्रहरी प्रवक्ता शुभाष बुढाथोकीका अनुसार चालु आर्थिक वर्ष २०७९/०८० को पुस महिनासम्ममा ३ वटा हतियार नियन्त्रणमा लिएको छ । भने,गत आर्थिक वर्ष २०७८/०७९मा ५ वटा हतियार बरामद गरिएको थियो।

भने केहि थान हतियार सहित व्यक्तिलाई समेत प्रकाउ गरेको थियो।

हतियार सहित व्यक्तिलाई समेत प्रकाउ गर्ने अभियान निरन्तरता दिईने प्रहरी नायव उपरिक्षक एवम प्रहरी प्रवक्ता शुभाष बुढाथोकीले बताए । जसमा शान्तिपूर्ण वातावरण कायम गर्ने हातहतियार सहित व्यक्ति नियन्त्रणमा आउनु आवश्यक छ। त्यसैले हातहतियार कसैले बोकिरहेको छ वा कसैको घरमा छ भने प्रहरीलाई जानकारी गराउन नायव उपरिक्षक एवम प्रहरी प्रवक्ता शुभाष बुढाथोकीले आग्रह गरे।

भारतीय सीमानाकाबाट हुने अवैध हतियारको तस्करीले गर्दा मधेश प्रदेशमा हत्या हिंसाको घटनामा समेत वृद्धि भएर गएको छ । सामान्य विवाद,लेनदेन,जग्गा जमिन विवादमा समेत अवैध हतियारको प्रयोग र ज्यानै लिनेसम्मका घटना हुने गरेको छ। प्रदेशका आठवटै जिल्ला भारतसंगको खुला सीमासंग जोडिएकाले यी क्षेत्रमा अवैध हतियार सहजै ओसार-पोसार हुने गरेको छ, जुन विषय प्रहरीका लागि चुनौती बनेको छ।

भारतमा सहज रुपमा र कम रकममै यस्ता हतियार उपलब्ध हुनेभएकाले आपराधिक गतिविधिमा संलग्न व्यक्तिले आफै अथवा दलाल मार्फत हतियार मगाउने गरेको प्रहरी अधिकृतहरु ब्ताउंछन । हतियारसहित नियन्त्रणमा लिइएका मध्ये अधिकांश व्यक्तिहरु दुर्व्यसनी तथा बेरोजगारहरु रहेको प्रवक्ता तिमल्सिनाको भनाई छ।

# विमान दुर्घटनाप्रति वीरगंजमा शोकसभाको आयोजना

मधेशदृष्टि
बीरगंज ३ माघ।
राप्रपा पर्साले पोखरामा भएको विमान दुर्घटना प्रति शोक व्यक्त गर्न मंगलवार साँझ वीरगंजको घण्टाघरमा शोक सभाको आयोजना गरेको छ । घण्टाघरमा भेला भएका पार्टी कार्यकर्ताहरुले मृतकहरुको चिर शान्तिको कामना गर्दै मैनबत्ति बालेका थिए।

कार्यक्रममा राप्रपाका केन्द्रिय सदस्य अंगत ठाकुर, पूर्व केन्द्रिय सदस्य नागिना यादव, नविन गिरी, शम्भु घिमिरे लगायतका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल